# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३४७ | काठमाडौं | बिहीबार, ३ वैशाख २०८३ | Prabhab National Daily | Thursday, 16 April 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ |-



**सम्पदा जोगाऔं, पहिचान बचाऔं ।**

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुऱ्याऔं ।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं ।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं ।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं ।
- पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं ।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**




मध्यपुर थिमिमा हरेक वर्ष मनाइने बिस्काः जात्राअन्तर्गत चैत २ गते बुधबार बिहानको जात्रामा बालकुमारी मन्दिर प्रांगणमा बालकुमारी, दक्षिणबाराही, विष्णुवीर, सिद्धिकाली, प्रथम गणेशलगायतको खट जात्रा गरिँदै । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# दोस्रो जनआन्दोलनयताका उच्च पदस्थको सम्पत्ति छानबिन गर्दै सरकार

## पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको नेतृत्वमा उच्चस्तरीय सम्पति जाँचबुझ/छानबिन आयोग गठन

- २०६२/६३ पछिका उच्चपदस्थ नेता र कर्मचारीको सम्पत्ति छानबिन गरिँदै
- आयोगलाई सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र स्रोतको वैधानिकता छानबिन गर्ने जिम्मेवारी
- दोस्रो जनआन्दोलनपछि विभिन्न राजनीतिक तथा प्रशासनिक तहमा पुगेका व्यक्तिहरु अनुसन्धानको दायरामा

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले २०६२/६३ सालदेखि हालसम्म सार्वजनिक पदमा बहाल रहेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति जाँचबुझ/छानबिन गर्न उच्चस्तरीय सम्पत्ति जाँचबुझ/छानबिन आयोग गठन गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले यस्तो निर्णय गर्दै लामो समयदेखि उठ्दै आएको भ्रष्टाचार नियन्त्रण र सम्पत्ति पारदर्शितासम्बन्धी बहसलाई संस्थागत रूप दिने प्रयास गरेको हो ।

सरकारका प्रवक्ता सस्मित पोखरेलका अनुसार आयोगको नेतृत्व सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीले गर्ने छन् । आयोगमा सदस्यहरू पूर्वन्यायाधीश पुरुषोतम पराजुली, चण्डिराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी तथा चार्टर्ड अकाउन्टेन्ट प्रकाश लम्साल सदस्य रहेका छन् । भण्डारी आयोगलाई सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति विवरण संकलन, प्रमाणीकरण र स्रोतको वैधानिकता छानबिन गर्ने जिम्मेवारी दिइएको छ ।



राजेन्द्रकुमार भण्डारी

सरकारले २०६२/६३ को जनआन्दोलनपछि विभिन्न राजनीतिक तथा प्रशासनिक तहमा पुगेका व्यक्तिहरूको सम्पत्ति वृद्धिबारे उठेका प्रश्नहरूको जवाफ खोज्ने उद्देश्यले आयोग गठन गरेको जनाएको छ । पछिल्लो समय सार्वजनिक जीवनमा रहेका व्यक्तिहरूको सम्पत्ति अस्वाभाविकरूपमा बढेको भन्ने जनगुनासो चर्किंदै गएको सन्दर्भमा यो निर्णय आएको हो ।

सत्ताको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो चुनावी घोषणापत्रमै सम्पत्ति छानबिनलाई प्रमुख एजेण्डा बनाएको थियो । रास्वपाले २०४६ सालदेखि नै महत्त्वपूर्ण सार्वजनिक पदमा रहेका व्यक्तिहरूको सम्पत्ति पारदर्शी रूपमा छानबिन गर्ने र अवैध रूपमा आर्जित सम्पत्ति जफत तथा राष्ट्रियकरण गर्ने प्रतिबद्धता जनाएको थियो । यद्यपि, हाल गठन गरिएको आयोगले २०६२/६३ यताकालाई केन्द्रमा राखेर काम सुरु गर्ने बताइएको छ । २०४६ सालसम्मको अनुसन्धानबारे सरकारले छिट्टै थप निर्णय गर्ने संकेत दिएको छ । सरकारले आयोगको कार्यकाल भने सार्वजनिक गरेको छैन ।

क्रमशः पृष्ठ २ मा

### आयोगले यसरी गर्ने छ छानबिन

सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको नेतृत्वमा गठन गरेको सम्पत्ति जाँचबुझ/छानबिन आयोगले सार्वजनिक पदमा बसेका व्यक्तिहरूको सम्पत्ति छानबिन कसरी गर्छ भन्नेबारे चासो बढेको छ । पूर्वप्रहरी नायव महानिरीक्षक गणेश केसीका अनुसार आयोगले कानुनी व्यवस्था, विगतका अभ्यास र आयोगलाई दिइएको कार्यादेशका आधारमा सम्पत्ति छानबिन कार्यप्रक्रिया सिलसिलेवार रूपमा अघि बढ्ने छ ।

सबैभन्दा पहिले आयोगले आफ्नो कार्यविधि, मापदण्ड र प्राथमिकता निर्धारण गर्ने छ । यस चरणमा कुन अवधिका पदाधिकारीहरूलाई कसरी समेट्ने, कुन-कुन निकायसँग समन्वय गर्ने र प्रमाण संकलनको ढाँचा कस्तो बनाउने भन्ने तय गरिन्छ । आयोगले २०६२/६३ यताका प्रमुख सार्वजनिक पदाधिकारीहरूलाई प्राथमिक सूचीमा राख्दै प्रारम्भिक 'डेटाबेस' तयार पार्ने छ ।

त्यसपछि आयोगले सम्बन्धित व्यक्तिहरूको सम्पत्ति विवरण संकलन गर्ने प्रक्रिया सुरु गर्छ । यसका लागि विभिन्न सरकारी निकायहरू राजस्व कार्यालय, बैंक तथा वित्तीय संस्था, मालपोत कार्यालय, कम्पनी रजिस्ट्रार कार्यालयलगायतबाट तथ्यांक मागिन्छ ।

क्रमशः पृष्ठ २ मा

**फुटको संघारमा कांग्रेस**

# पूर्वउपसभापति खड्कालाई सोधियो स्पष्टीकरण

"नेपाली कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग नभएको जिम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी पूर्णबहादुर खड्काले अनधिकृतरूपमा प्रेस विज्ञप्ति जारी गर्ने कार्य पार्टीको विधानविपरीत देखिएकोले सातदिने स्पष्टीकरण सोध्ने निर्णय गरिएको हो ।

**तारामान गुरुङ**
**संयोजक, कांग्रेस अनुशासन समिति**



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसको अनुशासन समितिले पूर्वउपसभापति पूर्णबहादुर खड्कालाई स्पष्टीकरण सोधेको छ । कार्यवाहक सभापतिको हैसियतमा पटक-पटक विज्ञप्ति निकालेको भन्दै खड्कालाई कांग्रेस अनुशासन समितिले बुधबार सातदिने म्याद दिएर स्पष्टीकरण सोधेको हो ।

संयोजक तारामान गुरुङको अध्यक्षतामा कांग्रेस केन्द्रीय कार्यालय सानेपामा बसेको बैठकले उक्त निर्णय गरेको हो । 'नेपाली कांग्रेसको नक्कली लेटरप्याड बनाएर प्रयोग गरी आफूसँग

क्रमशः पृष्ठ २ मा

### स्पष्टीकरण अर्थहीनः खड्का

नेपाली कांग्रेसका पूर्वउपसभापति पूर्णबहादुर खड्काले पार्टीबाट स्पष्टीकरण अर्थहीन भएको बताएका छन् । स्पष्टीकरण सोधिएको विषय आफूले सञ्चारमाध्यमबाट थाहा पाएको उल्लेख गर्दै उनले यो निर्णय हास्यास्पद भएको तर्क गरे । आफू वैधानिकरूपमा कार्यवाहक सभापति भएको दाबी गर्दै खड्काले भने, 'अवैधानिक महाधिवेशन र अवैधानिक ढंगले निर्वाचित

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# इजरायलसहित थप चार मुलुकमा पुनः श्रम स्वीकृति खुला

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले पश्चिम एसियाका थप चारवटा मुलुकका लागि पुनः श्रम स्वीकृति खुलाएको छ । वैदेशिक रोजगार विभागले बुधबार सूचना जारी गर्दै इजरायल, कुवेत, बहराइन र लेबनानका लागि श्रम स्वीकृति नवीकरण खुलाएको जानकारी दिएको हो ।




योसँगै उक्त क्षेत्रका ११ वटा मुलुकमा श्रम स्वीकृति नवीकरण (पुनः श्रम स्वीकृति) खुलेको छ । इराकको हकमा भने गत पुस ११ गतेको निर्णयले निरन्तरता पाउने जनाइएको छ । पुस ११ को मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगारीको सिलसिलामा आधिकारिक भिसा प्राप्त गरेका नेपालीले नेपाल आएको बखत आवेदन दिए श्रम स्वीकृति पाउने निर्णय गरेको थियो ।

इजरायल, इरान र अमेरिका सम्मिलित युद्धका कारण पश्चिम एसियाका देशहरूमा गत फागुन १७ गतेदेखि सबै प्रकारका श्रम स्वीकृति स्थगित गरिएको थियो । छुट्टीमा आएका श्रमिकको रोजगारी गुम्ने अवस्थालाई मध्यनजर गर्दै गत चैत ३ गते साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, ओमान, यमन, जोर्डन र टर्कीको श्रम स्वीकृति नवीकरण गर्ने निर्णय गरिएको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको गत चैत ३० गतेको निर्णयअनुसार थप चार वटा मुलुकमा पुनः श्रम स्वीकृति खुलाइएको जनाइएको छ ।

गत फागुन १६ गते शनिबारदेखि इजरायल-अमेरिका र इरानबीच युद्ध सुरु भएपछि श्रम मन्त्रालयले फागुन १७ गते सुरक्षा संवेदनशीलताका कारण भन्दै पश्चिम एसियाका १२ मुलुकमा व्यक्तिगत र संस्थागत श्रम स्वीकृति दिने कार्य स्थगित गरेको थियो । पश्चिम एसिया नेपालीहरूको प्रमुख श्रम गन्तव्य हो । हाल त्यस क्षेत्रमा १७ लाख २९ हजारभन्दा बढी नेपाली कार्यरत रहेको परराष्ट्रको तथ्यांक छ । जसमध्ये युएईमा सबैभन्दा धेरै सात लाख नेपाली छन् । त्यस्तै, साउदीमा तीन लाख ८४ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, ओमानमा २५ हजार, बहराइनमा २८ हजार, इराकमा ३० हजार, साइप्रसमा १७ हजार, इजरायलमा छ हजार ५००, लेबनानमा एक हजार ५००, इजिप्टमा ५०० तथा इरानमा छ जना छन् ।

**राष्ट्रिय प्रतिबद्धतामा वैदेशिक रोजगार**

# आगामी पाँच वर्षभित्र बाध्यात्मक वैदेशिक रोजगारी हटाउने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले आगामी पाँच वर्षभित्र वैदेशिक रोजगारीलाई स्वेच्छिक बनाउने भएको छ । विभिन्न छ वटा राजनीतिक दलका घोषणापत्र समेटेर तयार गरिएको 'राष्ट्रिय प्रतिबद्धता' को मस्यौदामा बाध्यकारी वैदेशिक रोजगारीको अन्त्य गरी श्रमिकको अधिकार र सुरक्षाको प्रत्याभूति गराइने उल्लेख गरिएको हो ।

रोजगारीका लागि विदेसिनुपर्ने अवस्थालाई न्यून बनाउँदै लैजान आन्तरिक रोजगारी सिर्जनामा जोड दिने सरकारको योजना छ । मुलुकमा रोजगारी नपाएर युवाहरू विदेश पलायन हुने क्रम तीव्र बनेको छ । हरेक वर्ष यस्तो संख्या बढ्दै गएको पाइन्छ । युवाहरूको क्षमता र दक्षतालाई स्वदेशमै उपभोग गर्न आगामी पाँच वर्षमा १५ लाख रोजगारी सिर्जना गर्ने प्रतिबद्धतापत्रमा उल्लेख छ ।

आन्तरिक रोजगारी सिर्जनाका लागि नेपालबाटै विदेशी कम्पनीका काम गर्ने व्यवस्था मिलाउन कानुन तथा नीतिमा संशोधन गरिने प्रतिबद्धतापत्रमा उल्लेख छ । सूचना प्रविधि, निर्माण, पर्यटन, व्यावसायिक, कृषिलगायतका क्षेत्रमा नीतिगत सुधार गरेर रोजगारीको दायरा बढाइने बताइएको छ । त्यस्तै, सौर्य, वायु, फोहोर व्यवस्थापनजस्ता हरित आयोजनामा रोजगारी बढाउन बृहत् अभियान सञ्चालन गर्ने योजना राखिएको छ ।

रोजगारीमा जान चाहनेहरूको हित संरक्षण गर्न वैदेशिक रोजगार कम्पनीलाई पारदर्शी, नियमसम्मत र पूर्णजवाफदेही बनाउने प्रतिबद्धताको मस्यौदामा उल्लेख छ । यस क्षेत्रमा हुने ठगी, अत्यधिक शुल्क असुली र झूटा करार गर्ने प्रवृत्तिमाथि कडा कारबाही गर्ने जनाइएको छ । सरकारले रोजगारीबाट फर्किएका श्रमिकको सीप र पुँजीलाई स्वदेशको विकासमा जोड्ने खालका कार्यक्रम सञ्चालन गर्ने पनि भनेको छ । साथै, मुलुक भित्रिएको विप्रेषणलाई सुरक्षित लगानीमा रूपान्तरण गर्न इञ्जिनियरिङ परामर्श र प्राविधिक सहयोगसमेत उपलब्ध गराउने प्रतिबद्धता जनाइएको छ । गत हप्ता परराष्ट्र मन्त्रालयको इमरजेन्सी रेस्पोन्स टिमले बाँकी देशमा श्रम स्वीकृति नवीकरण खुलाउन सकिने भनेर श्रम मन्त्रालयलाई पत्राचार गरेको थियो ।

विदेशमा रहेकाको सीप र ज्ञानलाई 'ब्रेन गेन'को रूपमा प्रयोग गर्ने सरकारको योजना छ । राष्ट्रिय प्रतिबद्धतालाई आगामी आर्थिक वर्ष २०८३/८४ र त्यसपछिका वर्षका नीति, कार्यक्रम र बजेट तथा सुधारका एजेण्डामा समावेश गरेर विभागीय मन्त्रालयमार्फत कार्यान्वयनमा लैजाने जानकारी दिइएको छ ।

# इरानी सेनाको नियन्त्रणमा रहेका अमृत झा रिहा

"इरानबाट बाहिर ल्याउने काम हुँदै छः परराष्ट्रमन्त्री खनाल



**काठमाडौं (प्रस)–** इरानी सेनाको कब्जामा परेका नेपाली युवा अमृत झा रिहा भएका छन् । परराष्ट्रमन्त्री शिशिर खनालले झा बुधबार रिहा भएको जानकारी दिएका हुन् ।

'इरानमा पक्राउ परेका अमृत झा रिहा भएका छन् । इरानमा हाम्रो मानार्थ महावाणिज्य दूतावास र कतार दूतावास उहाँसँग सम्पर्कमा छन् । हाम्रो टोलीले उहाँलाई इरानबाट बाहिर ल्याउन काम गरिरहेको छ,' मन्त्री खनालले बुधबार साँझ सामाजिक सञ्जाल फेसबुकमार्फत भनेका छन् ।

चैत पहिलो साता इरानमा तेल लिएर फर्किने क्रममा हर्मुज क्षेत्रको बन्दर अब्बास बन्दरगाहबाट इरानी रिभुल्युसनरी गार्डस्ले झालाई नियन्त्रणमा लिएको थियो । उनीसँगै केही भारतीय नागरिक पनि पक्राउ परेका थिए । दुई वर्षअघि वैदेशिक रोजगारीका लागि दुबई गएका झा ब्ल्याक सी मरिन एलएलसी कम्पनीको जहाजमा क्याप्टेनका रूपमा कार्यरत थिए ।

# टोखामा विस्केट जात्रा सुरु

**काठमाडौं (प्रस)–** टोखामा विस्केट जात्रा सुरु भएको छ । नेवार समुदायको बाहुल्य रहेको यहाँको सपनतीर्थमा मेला पनि लागेको छ । जात्रा व्यवस्थापन समितिका सहसंयोजक गणेशमान श्रेष्ठका अनुसार हिजो मन्दिरबाट गाउँमा रथ ल्याउने र गाउँ परिक्रमा गरी सपनविनायकको रथ यलागः टोलमा, चण्डेश्वरीको रथ थलागः टोलमा र मसानकालीको रथ भूतखेलमा बिसाइएको थियो । बुधबार बिहान तीनवटै रथ गाउँ परिक्रमा गरेर मसानकालीको रथ भूतखेलको पाटीमा बिसाएपछि बलि पूजा लिइ कोठु गणेश र मसानकाली दुवै रथ थलागः टोलमा बिसाइन्छ । बुधबार अपराह्न तलेजुबाट सिन्दूरजात्रा गरिन्छ ।

वैशाख ३ गते बिहान तपलाक्षी:बाट सिन्दूरजात्रा गरी देवता हासल टोलमा देव रथ बिसाइन्छ भने अपराह्न जीवित देवी कुमारीसहित सिन्दूरजात्रा गरी सरस्वती र महादेवको रथबाहेक अन्य रथ पोखरीमा चोख्याइने उनले जानकारी दिए । जात्राको अन्तिम दिन वैशाख ४ गते बिहान बाजागाजासहितको सिन्दूरजात्राले गाउँ परिक्रमा गर्ने कार्यक्रम छ । वैशाख ५ गते बिहान लिंगो ढालेसँगै जात्रा समापन हुन्छ । विस्केट जात्राका अवसरमा टोखा नगरपालिकाले बुधबार टोखा नगरपालिकाभर सार्वजनिक बिदा दिएको थियो ।

# कामपामा 'कार पुलिङ' व्यवस्था कार्यान्वयनमा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले कार्यालय आउँदाजाँदा आलोपालो गाडी चलाउने 'कार पुलिङ' व्यवस्था कार्यान्वयनमा ल्याएको छ ।

इन्धन कटौतीपछि कामपाले उपलब्ध गराएको सवारीसाधनलाई आलोपालो चलाउने प्रणाली 'कार पुलिङ' कार्यक्रम कार्यान्वयनमा ल्याएको कामपाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले जानकारी दिइन् । इन्धन अभावबाट सिर्जना हुनसक्ने अवस्था र यसले दीर्घकालमा पार्न सक्ने नकारात्मक प्रभाव घटाउन यस्ता निर्णय गरिएको उनको भनाइ छ ।

डंगोलले भनिन्, 'अहिले विश्वभर इन्धनको अभाव छ । यसबेला पहिलेकै अवस्थामा सवारीसाधन सञ्चालन गर्दा अत्यावश्यक काम र सेवाका लागि आवश्यक पर्ने इन्धन पनि नपाइने हुनसक्छ । यस्तो समस्या आउन नदिन इन्धनको प्रयोगलाई घटाउनुको विकल्प छैन । यसकारण इन्धनजन्य सम्भावित समस्या आउन नदिन 'कार पुलिङ' कार्यक्रम कार्यान्वयनमा ल्याएका हौं ।'

कामपाले ४८औं कार्यपालिका बैठकबाट इन्धन कोटामा कटौती गरिसकेको छ । 'कार पुलिङ' कार्यक्रममा बसोबास क्षेत्रका आधारमा एउटै ठाउँबाट आउने जाने अधिकारीहरूको समूह बनाइएको छ । यस समूहमा हुनेले आफूसँग भएको सवारीसाधन आलोपालो सञ्चालन गरेर आफू नजिकका अधिकारीलाई पनि ल्याउने लाने गर्नुपर्छ । यसो गर्दा कार्यालयमा आउने जाने सवारीसाधनको संख्या र इन्धनको प्रयोग घट्ने प्रमुख डंगोलको भनाइ छ ।

पृष्ठ १ बाट क्रमशः

## दोस्रो जनआन्दोलनयताका...

प्रवक्ता पोखरेलले आयोगले सकेसम्म छिटो काम सुरु गर्ने र आवश्यक समय लिएर निष्पक्षरूपमा प्रतिवेदन तयार गर्ने बताएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहनेगरी गठन गरिएको यो आयोग शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको एक महत्त्वपूर्ण बुँदाको कार्यान्वयनको रूपमा पनि हेरिएको छ ।

यसबीच, भ्रष्टाचारविरुद्ध काम गर्ने संस्थाहरूले आयोग गठनलाई सकारात्मकरूपमा लिएका छन् । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका पूर्वअध्यक्ष श्रीहरि अर्यालले सबै राजनीतिक दलहरूले चुनावअघि सम्पत्ति छानबिनको मुद्दा उठाउँदै आएको स्मरण गराउँदै अहिलेको कदमलाई 'समयसापेक्ष' बताएका छन् । उनका अनुसार यस्तो आयोगले सार्वजनिक जीवनमा रहेका व्यक्तिहरूको सम्पत्ति र त्यसको स्रोतबारे स्पष्ट चित्र प्रस्तुत गर्न सहयोग पुग्ने छ ।

अर्यालले विगतमा बनेका छानबिन समितिहरूको अनुभवलाई स्मरण गर्दै यसपटक हतारमा प्रतिवेदन तयार पार्नेभन्दा गहिरो अनुसन्धानमा ध्यान दिनुपर्ने बताएका छन् । उनले विदेशी मुलुकमासमेत सम्पत्ति लुकाइएको हुन सक्ने भएकाले त्यसको खोजी जटिल र समय लाग्ने प्रक्रिया हुने उल्लेख गरे । उनले भनेका छन्, 'राज्यले चालेको कदममा सबैले साथ दिनुपर्छ, सहयोग गर्नुपर्छ र भ्रष्टाचार नियन्त्रण गरेरमात्रै मुलुकमा सुशासन कायम हुन सक्छ ।'

सरकारले आयोग गठनसँगै जेन-जी विद्रोहसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदनमा सुरक्षा निकायबारे गरिएका सिफारिस कार्यान्वयनका लागि पनि छुट्टै संयन्त्र गठन गरेको छ । उच्च अदालतका पूर्वन्यायाधीश प्रेमराज कार्कीको संयोजकत्वमा बनेको उक्त संयन्त्रमा सशस्त्र प्रहरी बलका पूर्वअतिरिक्त महानिरीक्षक सुबोध अधिकारी र नेपाल प्रहरीका पूर्वअतिरिक्त महानिरीक्षक टेकप्रसाद राई सदस्य रहेका छन् ।

प्रधानमन्त्री शाह नेतृत्वमा सरकार गठन भएपछि गत चैत १३ गते १५ दिनभित्र सम्पत्ति छानबिनसम्बन्धी समिति गठन गर्ने निर्णय गरिएको थियो । उक्त निर्णय शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको ४३औं बुँदामा उल्लेख गरिएको छ, जसमा देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्ने उद्देश्य स्पष्टरूपमा राखिएको छ ।

सरकारले आयोगको काम कानुनी मापदण्ड, प्रमाण र निष्पक्षतामा आधारित हुने दाबी गरेको छ । आयोगले तयार पार्ने प्रतिवेदन र सिफारिसहरू सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइने बताइएको छ । अब आयोगको कामको गति, निष्पक्षता र प्रतिवेदन कार्यान्वयनको स्तरले नै यस कदमको प्रभावकारिता निर्धारण गर्ने देखिएको छ ।

■ ■ ■

## आयोगले यसरी...

व्यक्तिहरूले पेस गरेका सम्पत्ति विवरण, कर विवरण र बैंकिङ कारोबारलाई आधार बनाएर विस्तृत प्रोफाइल तयार पारिन्छ । यसपछि तेस्रो चरणमा संकलित विवरणको प्रमाणीकरण गरिन्छ । आयोगले प्राप्त कागजातहरू वास्तविक हुन् कि होइनन् ? विवरणमा कुनै लुकाइएको अंश छ कि छैन भन्ने जाँच गर्छ । यस क्रममा विभिन्न निकायबीच क्रस-चेकिङ गरिन्छ ।

यसपछि सबैभन्दा महत्त्वपूर्ण चरणअन्तर्गत सम्पत्तिको स्रोत विश्लेषण सुरु हुन्छ । आयोगले व्यक्तिको आयस्रोत, व्यवसाय, पारिवारिक पृष्ठभूमि र पदमा रहँदा प्राप्त हुने वैधानिक सुविधा आदिसँग तुलना गर्दै सम्पत्ति अस्वाभाविकरूपमा बढेको छ कि छैन भन्ने निष्कर्ष निकाल्ने प्रयास गर्छ । केसीका अनुसार यदि आयस्रोतले नसमेट्ने गरी सम्पत्ति वृद्धि देखिएमा त्यसलाई शंकास्पद सूचीमा राखिन्छ । यसैक्रममा आवश्यक परे आयोगले सम्बन्धित व्यक्तिसँग स्पष्टीकरण पनि माग्न सक्छ । आरोपित वा शंकास्पद व्यक्तिलाई आफ्नो सम्पत्तिको स्रोतबारे प्रमाणसहित जवाफ दिने अवसर दिइन्छ । यसले अनुसन्धान प्रक्रियालाई निष्पक्ष र कानुनी बनाउने अपेक्षा गरिएको छ ।

अर्को चरणमा आयोगले विस्तृत अनुसन्धान प्रतिवेदन तयार पार्छ । उक्त प्रतिवेदनमा कसको सम्पत्ति कति छ, त्यो कसरी बढ्यो, कुन अंश वैध र कुन अंश शंकास्पद देखियो भन्ने विश्लेषण समेटिन्छ । प्रमाण, कागजात र तथ्यका आधारमा निष्कर्ष निकालिन्छ । तर, आयोग आफैंले मुद्दा चलाउन सक्ने अधिकार भने हुँदैन । त्यसैले अन्तिम चरणमा आयोगले आफ्नो प्रतिवेदन र सिफारिस सम्बन्धित निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउँछ । सोही सिफारिसका आधारमा थप अनुसन्धान, मुद्दा दायर र कानुनी कारबाही अघि बढ्ने प्रक्रिया सुरु हुन्छ ।

■ ■ ■

## पूर्वउपसभापति...

नभएको जिम्मेवारी उल्लेख गर्दै आफू पार्टीको जिम्मेवारीमा छु भनी पूर्णबहादुर खड्काले अनधिकृतरूपमा प्रेस विज्ञप्ति जारी गर्ने कार्य पार्टीको विधानविपरीत देखिएकोले सातदिने स्पष्टीकरण सोध्ने निर्णय गरेको हो,' संयोजक गुरुङले भने । खड्कालाई कांग्रेसको विधानको धारा ३४ को उपधारा ८ (घ) बमोजिम स्पष्टीकरण सोधिएको उनले बताए ।

खड्काले चैत १४ गते र चैत ३० गते कार्यवाहक सभापतिको हैसियतमा विज्ञप्ति निकालेका हुन् । गत माघ २ गते विशेष महाधिवेशनबाट गगन थापाले नेतृत्व लिएसँगै निर्वाचन आयोगले नयाँ कार्यसमितिलाई आधिकारिकता दिएको छ । यता १४औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा पक्षधरले भने आधिकारिकता दाबी गर्दै सर्वोच्च अदालतमा मुद्दा दायर गरेको छ । उक्त मुद्दाको किनारा नलागेसम्म थापापक्षले कुनै निर्णय लिन नहुने देउवापक्षको तर्क छ ।

यता कांग्रेसले भने आउँदो असोज १६ देखि काठमाडौंमा १५औं महाधिवेशन आयोजना गर्ने कार्यतालिका सार्वजनिक गरेको छ । यही महाधिवेशनका लागि सभापति थापाले मंगलबारदेखि क्रियाशील सदस्यता नवीकरण अभियान सुरु गरेका छन् । उक्त अभियानको विरोध गर्दै खड्काले विज्ञप्ति जारी गरेपछि कांग्रेस अनुशासन समितिले सातदिने स्पष्टीकरण सोधेको हो ।

### असन्तुष्टलाई फकाउने जिम्मा थापालाई

कांग्रेस कलह चुलिँदै गएपछि असन्तुष्ट पक्षलाई मिलाउन दबाब बढ्दै गएको छ । देउवापक्षले थापा नेतृत्वको कांग्रेसका निर्णयमा विरोध गर्न थालेपछि यो विवाद मिलाउन कांग्रेसले सभापति थापालाई जिम्मेवारी दिएको छ ।

बुधबार सानेपामा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले सभापति थापालाई उक्त जिम्मेवारी दिएको पार्टी प्रवक्ता देवराज चालिसेले बताए । 'पार्टीमा बृहत्तर एकता कायम गर्दै १५औं महाधिवेशन निर्धारित समयभित्रै सम्पन्न गर्न पार्टीका सबै साथीहरूसँग संवादका लागि सभापति गगन थापालाई जिम्मेवारी दिने निर्णय गरिएको छ,' प्रवक्ता चालिसेले भने ।

सभापति थापासँग भने देउवापक्षका नेताहरूले भेट्न मानिरहेका छैनन् । आफू हदैसम्म लचक भएकोले यसलाई कमजोरी नठान्न थापाले देउवापक्षलाई चेतावनी दिएका छन् । 'म पार्टीको जिम्मेवारीमा छु, जिम्मेवारीमा भएको व्यक्ति बढी विनम्र हुनुपर्छ, बढी लचिलो हुनुपर्छ । उसैले संवाद गर्नुपर्छ । यो कुरा मैले पार्टीका नेताहरूबाट सिकेको छु । त्यसैले म सकेसम्म साथीहरूलाई भेट्छु, सिकेका कुरा बुझाउने कोसिस गर्छु । सबैलाई समेटेर जान्छु । तर समेटेर लैजाँदै गर्दा मैले राख्ने लचकता र विनम्रतालाई कृपा गरेर मेरो कमजोरी नठानिदिनुहोला,' मंगलबार उनले भनेका थिए ।

पूर्वसभापति देउवा भने हाल उपचारका लागि भन्दै हङकङमा छन् । देउवाविरुद्ध सरकारले सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका लागि पक्राउ पुर्जी जारी गरेको छ भने कांग्रेसले स्वत:स्फूर्त रूपमा सघाउन आग्रह गरिसकेको छ । यस्तो अवस्थामा कांग्रेसभित्र दुई पक्षको टकराव बढेको हो । देउवापक्षका नेताहरू सर्वोच्चको फैसला नआएसम्म थापासँग वार्ताका लागि तयार नरहेको बताइएको छ । यद्यपि, पछिल्लो विवादले पार्टी फुटको संघारमा पुगेको एक नेताले बताए । 'पार्टी अब विघटनको तयारीमा छ । पूर्वसंस्थापन युवा नेताहरूको साथ लिएर नयाँ पार्टी गठनको तयारीमा देखिन्छ,' ती नेताले भने ।

■ ■ ■

## स्पष्टीकरण अर्थहीन...

कार्यसमितिले बनाएका अवैध संरचनाले स्पष्टीकरण सोध्ने भन्ने निर्णय जुन भएको छ । यो निर्णय निरर्थक छ, हास्यास्पद छ, अर्थहीन छ ।

१४औं महाविधेशनको म्याण्डेट आफू पक्षकोलाई भएको उल्लेख गर्दै विशेष महाविधेशनबाट निर्वाचित कार्यसमिति नै अवैधानिक भएको उनको तर्क छ । विशेष महाधिवेशन आयोजना गरेसँगै शेरबहादुर देउवा नेतृत्वको कांग्रेसले गत पुस ३० गते तत्कालीन महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मालाई पाँच वर्षसम्मका लागि कारबाही गरेको थियो । भृकुटीमण्डपमा आयोजित विशेष महाधिवेशनले माघ १ गते थापाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको थियो ।

फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा कांग्रेस थापाकै नेतृत्वमा होमियो । त्यसपछि थापाले १५औं महाधिवेशन तोकेसँगै देउवापक्ष पुनः सर्वोच्च पुगेको छ । महाधिवेशन रोक्न र आधिकारिकता विवाद अन्त्य कहिले हुने हो अझै टुंगोमा पुग्न सकेको छैन । यस्तो अवस्थामा मुद्दा मामला गर्ने अधिकार आफैंमा भएकाले विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमिति अवैधानिक भएको दाबीसमेत खड्काले गरे । 'म कार्यवाहक सभापतिकै हैसियतमा सर्वोच्च अदालतमा विशेष महाधिवेशन अवैधानिक ढंगले भएको हो, त्यसबाट निर्वाचित कार्यसमिति सबै अवैधानिक हुन्,' खड्काले भने ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

**सूचना प्रकाशित मितिः २०८३/०१/०३**

**श्री भवान सिं तमाङकी** छोरी, **श्री भाने लामाकी** छोराबुहारी, **श्री जित बहादुर तमाङकी** पत्नी **वागमती प्रदेश, रामेछाप** जिल्ला **मन्थली न.पा** वडा नं. **१४** बस्ने **श्रीमती कुसलिया देवी भन्ने कुसुली तमाङले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०३९५७** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०८/२२** मा निज खातावाला **श्रीमती कुसलिया देवी भन्ने कुसुली तमाङको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने **श्री राम बहादुर तमाङ**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती कुसलिया देवी भन्ने कुसुली तमाङको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बरः ०१४५१८५८२
फ्याक्सः- ०१४५१८४५३

## मलेसियामा रोजगार

कम्पनी : ALZAHFRAN RESTAURANT

पूर्व स्वीकृति मिति : २०८२/१२/३० | LT. No. 340595 | चलानी नं. ६०२५४००६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 15 | 0 | 1700 | ६४,१०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १० गते (23rd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९७३/०६७/०६८
**MIDDLE ORBIT OVERSEAS PVT. LTD.**
Samakhushi - 29, Ranibari Marg, Kathmandu, Nepal, Telphone No: +977-1-4387902
E-mail: middleorbit@gmail.com, Website: middleorbitoverseas.com

## मलेसियामा रोजगार

कम्पनी : AMANATS SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०२ | LT. No. 340625 | चलानी नं. ६०२५४०३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 81 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ वैशाख १० गते (23rd April 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.**
Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799
E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com
Govt. License 1521/074/075


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, ३ वैशाख, २०८३**

| राशि | फल |
|---|---|
| मेष | अहंकार माथि नियन्त्रण गर्नुपर्ने देखिन्छ । सकारात्मक सोचका साथ दिनको सुरुवात गर्नुहोला । |
| वृष | व्यस्ततामा समय बित्नेछ । ध्यान र शान्त मनले दिनको सुरुवात गर्नुहोला । |
| मिथुन | घुमफिरको अवसर मिल्नेछ । उत्साहका साथ दिनको सुरुवात गर्नुहोला । |
| कर्कट | चित्र् एकाग्र गर्नुपर्ने समय रहेको छ । धैर्य र संयमताका साथ अघि बढ्नुहोला । |
| सिंह | आटेका कार्य पूर्ण हुनेछन् । आत्मविश्वासका साथ दिनको सुरुवात गर्नुहोला । |
| कन्या | प्रेम प्रसङ्गमा समय व्यतित हुनेछ । समझदारीका साथ दिन अगाडि बढाउनुहोला । |
| तुला | बोलिभन्दा कार्यमा समय खर्चिनु राम्रो हुनेछ । कर्ममा केन्द्रित रहनुहोला । |
| वृश्चिक | मिष्ठान्न भोजन सुख प्राप्त हुनेछ । आनन्दित मनले दिन बिताउनुहोला । |
| धनु | पारिवारिक सुख कायम रहला । परिवारसँग समय बिताउनु राम्रो हुनेछ । |
| मकर | साथिभाइको सहयोग रहने योग रहेको छ । सहकार्यमा जोड दिनुहोला । |
| कुम्भ | ज्यादा मिहिनेत गर्नुपर्ने देखिन्छ । लगनशील भएर अघि बढ्नुहोला । |
| मीन | विगतका गल्ती सम्झेर मन उदास रहनेछ । सकारात्मक सोच राख्दै दिनको सुरुवात गर्नुहोला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| [illegible] | [illegible] |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३ वैशाख, २०८३ (१६ अप्रिल २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४९.११ | १४९.७१ |
| युरो | १ को | १७५.९८ | १७६.६९ |
| पाउन्ड स्टिर्लङ | १ को | २०२.३७ | २०३.१९ |
| स्विस फ्रैन्क | १ को | १९१.१७ | १९१.९४ |
| अस्ट्रेलियन डलर | १ को | १०६.२७ | १०६.७० |
| क्यानाडियन डलर | १ को | १०८.४३ | १०८.८७ |
| सिङ्गापुर डलर | १ को | ११७.३२ | ११७.७९ |
| जापानी येन | १० को | ९.३९ | ९.४३ |
| चिनियाँ युआन | १ को | २१.८८ | २१.९६ |
| साउदी अरब रियाल | १ को | ३९.७३ | ३९.८९ |
| कतारी रियाल | १ को | ४०.९० | ४१.०६ |
| थाई भाट | ख १ को | ४.६६ | ४.६७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.६० | ४०.७६ |
| मलेसियन रिङेट | १ को | ३७.७४ | ३७.८९ |
| दक्षिण कोरियन वन | १०० को | १०.१४ | १०.१८ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३५ |
| डेनिस क्रोनर | १ को | २३.५५ | २३.६४ |
| हङकङ डलर | १ को | १९.०४ | १९.११ |
| कुवेती दिनार | १ को | ४८६.७३ | ४८८.६९ |
| बहराइन दिनार | १ को | ३९५.२६ | ३९६.८५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**दार्चुलाको उकुमा भेटिएका मन्दिरका आकृतिहरू** | दार्चुलाको मालिकार्जुन गाउँपालिका–६ स्थित उकु महल उत्खननको क्रममा मन्दिरहरूका भेटिएका विभिन्न आकृतिका मूर्तिहरू । *तस्विरः रासस*

# चौथोपटक जिब्रो छेडेर टोलटोलमा घुमे सुजन

■ रमेश गिरी



**भक्तपुर–** बुधबार बिहानैदेखि सर्वसाधारण मध्यपुरथिमिमा सिन्दूर खेल्दै देवीदेवताका खटजात्रा गर्दै बिस्काजात्रा मनाइरहेका थिए । तर मध्याह्नदेखि भने बोडे क्षेत्रमा भीड बढ्न थाल्यो ।

केही क्षणमै बोडेको पाँचो गणेशको दक्षिण फर्केको पाटी आसपासमा सर्वसाधारण खचाखच हुन थाल्यो । बिस्केट जात्राका अवसरमा हरेक वर्षको वैशाख २ गते मनाइने मध्यपुरथिमि बोडेको प्रसिद्ध जिब्रो छेड्ने जात्रा हेर्न १२ बजेसम्म भीड लागिसकेको थियो ।

दिउँसो २:३० बजे बाँसको चिम्टी बजाउँदै एक हुल मानिसहरू हातको साङ्लो बनाएर जिब्रो छेड्ने पाँचो गणेश मन्दिर क्षेत्रमा आएपछि सबैको ध्यान त्यतै केन्द्रित भयो । बीचमा जिब्रो छेड्न तयार भएर बोडेका सबै देवीदेवताको मन्दिरमा पुगेर पूजा गर्दै आइपुगे, २९ वर्षीय सुजन वाग श्रेष्ठ ।

त्यसपछि बोडेका स्थानीय वासिन्दाले जयजयकार गरे । पाटीमा बनाइएको मञ्चमा उक्लिएपछि यसअघि १२ पटक जिब्रो छेडाइसकेका कर्मीनाय कृष्णचन्द्र वाग श्रेष्ठ, नाय पमाहरू, मञ्चमा उक्लिए । जिब्रो छेड्न तयार भएका सुजनका आफ्नै ठूलो बुबा कर्मीनाय कृष्णचन्द्रले वरिपरि अक्षता फूल छर्किएर देवीदेवतालाई सम्झँदै धूपबत्ती बालेपछि एक महिनाअघि तयार पारी तेलमा डुबाइराखेको १० इन्च लामो फलामको सुइरोले हजारौं मानिसहरूकै अगाडि दिउँसो ठीक ३ बजे सुजनको जिब्रो छेडिदिए । उनले जिब्रो छेड्दा आँखा चिम्म गरे पनि हजारौंको होहल्लामा उत्साहित हुँदै सबैतिर फर्केर हात हल्लाए । हात हल्लाएर नमस्कार गर्दा जयजयकारको आवाज सुनियो । जुन कुनै चर्चित सेलिब्रेटी देख्दा दर्शकले गरेको हुटिङभन्दा कम थिएन ।

त्यसपछि सबैलाई नमस्कार र अभिवादन गर्दै चन्द्राकारको भ्वाय् अर्थात् महाद्वीप बोकेर निस्किए सुजन, सँगैसँगै बुद्धकृष्णले छोरा सुजनलाई अगाडि बढाइरहे । त्यसक्रममा जिब्रो छेडाएका अनुभवी जुजुभाइदेखि स्थानीय दिलकृष्ण प्रजापतिसमेतले चौथोपटक जिब्रो छेडाएका सुजनसँगसँगै हिँडेर हौसला प्रदान गरिरहे ।

महाद्वीप बोकेर सुजनले करिब एक घण्टासम्म बोडेको टोलटोल घुमेर विभिन्न देवीदेवताका मन्दिरको परिक्रमा गरे । त्यसपछि जयजयकार गर्दै मन्दिरमा महालक्ष्मीको खट ल्याइ पुऱ्याइयो । त्यसको केही क्षणपछि भाँगु टोलमा पुगेर महालक्ष्मी मन्दिरको पाँचपटक परिक्रमा गरेपछि महाद्वीपलाई मन्दिर बाहिर राखेर सुजनभित्र प्रवेश गरेपछि जिब्रोको सुइरो निकालेर मन्दिरको भित्तामा रहेको काठमा ठोकियो । त्यसपछि जात्रा पनि सम्पन्न भयो । हजारौंको भीड विस्तारै तितरवितर भयो ।

जिब्रो छेडाएपछि सुजनले भने, 'बुबाले जिब्रो छेडाउँदा प्रायः म सधैं सँगै हुन्थें, उहाँले जात्रा, कला, संस्कृतिलाई जोगाएको देखेर मलाई पनि मनमा इच्छा जाग्थ्यो त्यही भएर आँट आयो, सबैले जयजयकार गरेको देख्दा निकै रहर लाग्थ्यो, रहर पूरा गरें । यस वर्ष पनि जात्रालाई निरन्तरता दिन चौथोपटक जिब्रो छेडाएर महाद्वीप बोकेर बोडे देश घुम्न पाउँदा खुसी छु ।'

चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्रांगणमा लिंगो उठाएपछि जिब्रो छेड्ने व्यक्तिले निराहार व्रत बसेर बुधबार जिब्रो छेडेपछि जिब्रोको घाउमा महालक्ष्मी मन्दिरको माटो झिकेर लगाउने चलन छ । माटो लगाएपछि जिब्रो छेड्ने व्यक्तिले नाटचश्वरको पूजा गर्नुपर्छ । प्वाल भएको जिब्रोमा महालक्ष्मीको माटो लगाएपछि घाउ निको हुने र त्यसमा अन्य औषधि लाउनु नपर्ने विश्वास रहेको यसअघि नौ पटक जिब्रो छेडाएका बुद्धकृष्ण बताउँछन् ।

किम्वदन्तीअनुसार प्राचीनकालमा बोडेमा नीलबाराहीको दायाँबायाँ बस्ने भूत-प्रेत, पिशाच, ख्याक तथा कंकालले बोडेका मानिसलाई धेरै दुःख दिने गरेपछि तान्त्रिक भीमदत्त कर्माचार्यले तान्त्रिक विद्याले थापेको पासोमा त्यसलाई पारेर कपाल काटे, लुगा फुकाले र लामो सियो जबर्जस्ती जिब्रोमा घुसारी भाग्न नपाओस् भनी घुँघरु बाँधिदिएर बलेको महाद्वीप काठको गह्रुँगो भारी बोकाएर बोडे घुमाए ।

कष्ट सहन नसकी पिशाचले आफूलाई छाडिदिए जुनसुकै वाचा पूरा गर्ने बताएपछि भीमदत्तले अब उप्रान्त बोडे देशमा दुःख नदिने, बोडेमा रोग, अनिकाल, अनावृष्टि, अतिवृष्टि, महाभूकम्प हुन नदिने, धर्मको चेष्टा बढाउने र बोडेवासीले भनेझैं सात वर्षसम्म सोही दिन जिब्रो छेड्न आउनुपर्ने वाचा गराई छाडिदिएको किम्वदन्ती छ । एक रात सपनामा नीलबाराहीले आफ्नो द्वारपाललाई अपमानित गरेकाले भीमदत्तलाई बाँकी नराख्ने भनी आक्रोश व्यक्त गरेपछि पछुतो मान्दै भीमदत्तले जिब्रो छेड्नु अगाडि क्षमा पूजा गर्ने चलन चलाए, जुन अहिलेसम्म पनि कायमै छ ।

तर यो कथनलाई मान्न तयार छैनन्, बुद्धकृष्ण । उनी भन्छन्, 'यो जात्रा नीलबाराही देवीको प्रतिष्ठासँग जोडिएको छ, जिब्रो छेड्ने व्यक्ति भूत, पिशाच कोही नभई नील बाराहीका देवगण हुन् । जिब्रो छेड्ने व्यक्तिलाई ख्याक र राक्षससँग जोडेर भ्रम फैलाउन नहुने उनी बताउँछन् । जिब्रो छेड्ने व्यक्ति ख्याक वा राक्षस होइनन्, देवगण हुन् भन्ने सबैलाई बुझाउनु जरुरी रहेको उनले बताए । *रासस*

# जन्मदर्ता, विवाह दर्ताजस्ता प्रमाणपत्र पनि अब नागरिक एपमा

**काठमाडौं–** राष्ट्रिय पञ्जीकरणका सूचना नागरिक एपमा एकीकरण गर्ने प्रक्रिया अघि बढाइएको छ । जन्म दर्ता, विवाह दर्ता, सम्बन्धबिच्छेद दर्तालगायतका पञ्जीकरणका सूचना एकीकृत प्रणालीमा आबद्ध गर्ने प्रक्रिया थालिएको सूचना प्रविधि विभागका महानिर्देशक श्रीचन्द्र साहले जानकारी दिए ।

अहिले यी विवरणहरू एकीकरणका लागि प्रारम्भिक प्रक्रिया थालिएको र केही समयभित्र कार्यान्वयनमा ल्याउनेगरी तयारी भइरहेको उनको भनाइ छ । तथ्यांक एकीकरणपछि जन्मदर्ता, विवाह दर्ताजस्ता पञ्जीकरणसम्बन्धी प्रमाणपत्र पनि नागरिक एपमा उपलब्ध हुने छन् ।

पछिल्लो समय सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिक सेवाहरूलाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिइरहेको छ । जसअन्तर्गत निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोक सेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपमार्फत नै प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको विभागले जनाएको छ । त्यस्तै, नेपाल इञ्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इञ्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढाइएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने र ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको थियो । तर सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दा अगावै यी कामहरू सकिसक्न विभागलाई निर्देशन दिएका छन् । यस पहललाई अघि बढाउन सञ्चारमन्त्री तिमिल्सिनाले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिएका छन् । सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ ।

सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यही चैत १३ गते स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख भएको थियो । नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ । नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन-स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ ।

डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झण्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ । *रासस*

# अनलाइन सट्टेबाजीसम्बन्धी १० हजारभन्दा बढी एप र वेबसाइट बन्द

**काठमाडौं (प्रस)–** अनलाइन सट्टेबाजीसँग सम्बन्धित १० हजारभन्दा बढी एप्लिकेसन (एप) र वेबसाइट बन्द गरिएको छ । नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैधरूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गरिएको हो ।

'सबैजसो इन्टरनेट सेवा प्रदायकले हालसम्म १० हजारभन्दा बढी यस्ता एप र वेबसाइट बन्द गरिसकेको जानकारी गराएका छन् । नेपाल टेलिकमले सबैभन्दा धेरै २१ हजारभन्दा बढीको संख्यामा बन्द गरेको छ, यस्ता एप र वेबसाइट निरन्तर पहिचान गर्ने र बन्द गर्ने क्रम चलिरहेको छ,' लामिछानेले भने ।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनका क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँगको समन्वयमा यस्तो कदम चालेको हो । मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने व्यवस्था गरिएको छ ।

सोही निर्णयअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले चैत १५ गते मन्त्रीस्तरबाट नेपाल दूरसञ्चार प्राधिकरणलाई आवश्यक निर्देशन दिएको थियो । उक्त निर्देशनपछि प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको जनाएको छ ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन नपाइने व्यवस्था छ । उक्त प्रावधान उल्लंघन गरेमा सोही दफाको उपदफा (६) अनुसार प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा १० हजार रूपैयाँसम्म जरिवाना हुनसक्ने व्यवस्था छ ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले समेत जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ । सो विपरीत कसुर गरेमा प्रचलित कानुनअनुसार सजाय हुने र अन्यथा एक वर्षसम्म कैद तथा १० हजार रूपैयाँसम्म जरिवाना हुने प्रावधान रहेको छ । सरकारले नेपालभर सञ्चालनमा रहेका सट्टेबाजी एप तथा वेबसाइट प्रयोग नगर्न तथा सञ्चालन नगर्न आग्रह गरेको छ ।


**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

**सूचना प्रकाशित मितिः २०८३/०१/०३**

**श्री गजबिर रोकाको** छोरी, **श्री हर्क बहादुर पुनकी** छोराबुहारी, **श्री गंगबिर पुनकी** पत्नी **गण्डकी प्रदेश, म्याग्दी** जिल्ला **मालिका गा.पा** वडा नं. **६** बस्ने **श्रीमती अम्बादेवी पुनले** यस शाखामा पेन्सन खाता नं. **२३७१५२४०३०२३९७** संचालन गर्दै आउनु भएकोमा मिति **२०८२/०६/२०** मा निज खातावाला **श्रीमती अम्बादेवी पुनको** निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको **छोरा** नाता पर्ने **श्री यम बहादुर पुन**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक **श्रीमती अम्बादेवी पुनको** नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको ठमेल शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लिमिटेड**
ठमेल शाखा, कार्यालय
फोन नम्बरः ०१४५१८५८२
फ्याक्सः- ०१४५१८४५३

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०८/२९ मा दर्ता कायम भएको **पेनफिक्स फिजियोथेरापी एण्ड वेट लस सेन्टर प्रा.लि.** (प्रा.लि.नं. २७९६८३/०७८/०७९) लाई खारेजी लिक्वडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०१/०२ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं.** ४०४/**फोन नं.** ९८५१२१७००४

**कम्पनी खारेज (बन्द) सम्बन्धी सूचना**

कम्पनी ऐन २०६३ बमोजिम २०७९/०९/१२ गते **इज बिजनेस प्रा.लि.** को नामबाट दर्ता भएको प्रा.लि.नं. ३०४४५३/०७८/०७९ कम्पनीको मिति २०८३/०१/०२ मा बसेको विशेष साधारण सभाले कम्पनी स्वेच्छिक रूपमा खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीमा कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नु नपर्ने अन्य कुनै कारण भएमा तथ्युक्त आधार र सबुद प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटर : शेर बहादुर रोकाया (प्र.प.नं. २८७)**
बबरमहल, काठमाडौं । सम्पर्क : ९८५११६३७२३

**सूर्यकोट बहुउद्देश्यीय कृषक समूहको**
**शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८३/०१/०३ गते

कृषि विकास कार्यालय, काभ्रेको सहयोग तथा इन्द्रावती गाउँपालिकाको साझेदारीमा सञ्चालन भइरहेको "एक वडा एक उत्पादन" कार्यक्रम अन्तर्गत मसला बाली प्रवर्द्धनका लागि कृषकहरूलाई अदुवा बीउ (३०,००० के.जी.) वितरण गर्नुपर्ने भएकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम इच्छुक, योग्य तथा इजाजतप्राप्त विक्रेता कम्पनी/फर्महरूबाट शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. **खरिद विवरण :**
- सामानको नामः अदुवा कपुरकोटे १ र २ को जात
- परिमाणः ३०,००० के.जी.
- गुणस्तरः तोकिएको मापदण्ड अनुसारको निम्नत हुनुपर्ने मा ४० देखि ६० ग्राम गानु रोग किरा ढुसी नलागेको गानु कुहिने रोग नलागेको हुनुपर्नेछ ।

२. **दरभाउपत्र पेश गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा

थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
**सम्पर्क नं.: ९८५११५५६३०**

**अध्यक्ष**
**सूर्यकोट बहुउद्देश्यीय कृषक समूह, इन्द्रावती गाउँपालिका–५, सि.पा**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/१०/१७ मा दर्ता भएको **के.ए.एस. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. प्रा. लि. नं. ३०६१७१/२०७९/०८०** लाई खारेजी लिक्वीडेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति २०८३/०१/०२ गतेको विशेष वैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्वीडेटर)**
**इजाजत पत्र नं. ४०४, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७४/०५/०६ मा दर्ता भएको **प्रा. लि. नं. १७३६३६** को **बसन्त रितु कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीको निर्णय अनुसार कम्पनीले कसैसँग तिर्नु बुझाउनु पर्ने कर दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र कार्यालयमा दावी गर्न आउनु हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कोठा खालि गरी पाँउ भन्ने बारे सूचना**

ललितपुर महानगरपालिका, वडा नं.५, महालक्ष्मीस्थान बस्ने म रत्न काजि श्रेष्ठ, मेरो घरमा भाडा लिई बसेको **श्री मालिङ्गो कृषि सहकारी संस्था लिमिटेड** (द.नं. १३९३९६) २०८२ साल माघ १ देखि चैत्र ३० सम्म पनि सम्पर्कमा नआएको हुँदा उक्त कोठाको ताला खोल्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको ३५ दिनभित्र सम्पर्कमा आई कोठा खालि गरिदिनुहुन विनम्र अनुरोध गर्दछु । साथै, यसको लागि कानुनी सहायताको लागि ललितपुर महानगरपालिका समक्ष समेत हार्दिक अनुरोध गर्दछु ।

**निवेदक : रत्न काजि श्रेष्ठ (सम्पर्कः ९८४१२१०६१६)**
**ठेगाना : ललितपुर महानगरपालिका, महालक्ष्मीस्थान–५, लगनखेल**

**नेपाल चलचित्र कलाकार संघको**
**२१औं साधारण सभा सम्बन्धी सूचना !!**

**प्रकाशित मिति : २०८३ बैशाख ३ गते**

नेपाल चलचित्र कलाकार संघको मिति २०८२/११/)२ गते बसेको कार्यकारिणी समितिको बैठकले संघको विधान वमोजिम चैत्र २८ गते संघको निर्वाचन सहित वार्षिक साधारण सभा तथा अधिवेशन बोलाउने निणर्य भएकोमा विशेष कारणले निर्वाचन तथा साधारण सभा स्थगित भइ क्षमा याचना सहित सुचना समेत प्रकाशित गरिएको विधितै छ ।

संघको विधानको धारा १८ ग बमोजिम श्रीमान संरक्षकज्यूको निर्देशन अनुसार मिति २०८२/१२/२७ गते बसेको वैठकले मिति २०८३/०२/०३ गते वार्षिक साधारण सभा तथा निर्वाचन सहितको अधिवेशन वोलाउने निर्णय भएकाले संघका आजीवन सदस्यज्यूहरु तथा सम्पूर्ण सदस्यज्यूहरूलाई निम्न मिति, स्थान र समयमा उपस्थिति र सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावहरू**

१. संस्थागत प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा
२. आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा
३. लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा
४. कार्यसमितिको निर्वाचन सम्बन्धमा

**कार्यक्रम**

स्थान : लिसारा रिसेप्सन, भगवती बाहल ।
मिति : २०८३ जेठ ३ गते आइतवार ।
समय : विहान १०:०० बजे ।

**मोहन निरौला**
**अध्यक्ष**
**नेपाल चलचित्र कलाकार संघ**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## रात्रिकालीन बस: सुरुआत सुखद, निरन्तरताको चुनौती

**काठमाडौं उपत्यकामा रात्रिकालीन बससेवा सञ्चालनमा आउनु आफैंमा एक सुखद र स्वागतयोग्य कदम हो । काठमाडौं महानगरपालिका र साझा यातायातको सहकार्यमा सुरु भएको यो सेवाले रातिको समयमा यात्रा गर्न बाध्य सर्वसाधारण, विशेषगरी श्रमिक, विद्यार्थी, र अस्पताल आउने–जाने बिरामीका आफन्तहरूलाई ठूलो राहत दिने निश्चित छ । तर, विगतको अनुभवलाई हेर्दा यो सेवाको निरन्तरतामा भने आशंका गरिएको छ ।**

**राजधानीजस्तो व्यस्त सहरमा राति ८ बजेपछि सार्वजनिक यातायात ठप्प हुनु र सर्वसाधारणले महँगो ट्याक्सी वा निजी सवारीको भर पर्नुपर्ने अवस्था थियो । यस्तो अवस्थामा महानगरले विद्युतीय बसमार्फत हरेक २० मिनेटको अन्तरालमा सेवा दिने जुन योजना ल्याएको छ, त्यसले 'सहर सुते पनि सेवा सुत्दैन' भन्ने सन्देश दिन खोजेको छ । यसअघि पनि पटक–पटक रात्रिकालीन बस सेवा सुरु नगरिएका होइनन्, तर ती केही हप्ता वा महिनामै बन्द भए । विगतमा पर्याप्त सुरक्षाको अभाव, न्यून यात्रु संख्या र कमजोर व्यवस्थापनका कारण ती प्रयासहरू असफल भएका थिए ।**

**यसपटकको सेवालाई विगतको नियतिबाट जोगाउन महानगर र साझा यातायातले विशेष ध्यान दिनु जरुरी छ । पहिलो सर्त 'सुरक्षा' हो । बसमा सिसिटिभी क्यामरा र नगर प्रहरीको उपस्थिति हुनु सकारात्मक छ, तर बस स्टपसम्म पुग्ने र ओर्लिएर घरसम्म पुग्ने सडकमा सुरक्षा सुनिश्चितता नभएसम्म यात्रुहरू ढुक्क भएर निस्कन सक्दैनन् । दोस्रो पक्ष 'नियमितता' हो । यात्रुले २० मिनेटमा बस आउँछ भन्ने विश्वास नपाएसम्म उनीहरूले यस सेवालाई विकल्पका रूपमा रोज्ने छैनन् ।**

**यस सेवालाई प्रभावकारी बनाउन केवल दुईवटा रुटमात्र पर्याप्त छैनन् । चक्रपथ र अन्य भित्री सडकहरूमा पनि विस्तारै यसको सञ्जाल फैलाउनु आवश्यक छ । साथै, यो सेवालाई एक व्यावसायिक र व्यवस्थित मोडेलमा लैजानुपर्छ । रात्रिकालीन समयमा न्यून यात्रु हुने समस्यालाई सम्बोधन गर्न रुट र समयको सही तालमेल मिलाउनुपर्छ ।**

**रात्रिकालीन बस सेवा सुरु हुनुमात्र ठूलो कुरा होइन, यसलाई निरन्तरता दिनु ठूलो चुनौती हो । विगतका गल्तीबाट पाठ सिक्दै, यसलाई औपचारिकताका लागिमात्र सीमित नराखी सहरको रात्रिकालीन अर्थतन्त्रलाई चलायमान बनाउने मेरुदण्डका रूपमा विकास गरिनुपर्छ । रात्रिकालीन बससेवालाई निरन्तरता दिन र यसलाई थप प्रभावकारी बनाउन काठमाडौं सहरलाई साँच्चिकै जीवन्त बनाउनुपर्छ । हुन त दरबारमार्ग, ठमेल जस्ता मुख्य पर्यटकीय क्षेत्रलाई २४ सै घण्टा खुला गर्ने प्रयास नभएका होइनन्, ती प्रयास सफल भएनन् । असफल हुनुको कारण पहिचान गरी यी ठाउँहरूलाई रातिको समय पनि चलायमान बनाउन सके रात्रिकालीन बससेवाको औचित्य थप बढ्ने छ ।**

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# आरोग्य पर्यटन प्रवर्द्धनमा नयाँ आयाम



❑ कृष्ण अधिकारी

> आरोग्य पर्यटनलाई नेपालले 'सफ्ट पावर'का रूपमा प्रयोग गर्न सक्ने अवसर रहेको छ । ध्यान, योग र प्राकृतिक चिकित्सासहितको आरोग्य पर्यटनले राष्ट्रिय गौरव जोगाउन र मानव कल्याणयुक्त पर्यापर्यटनको विकासमा सहयोग पुग्ने छ । प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर, परम्परागत चिकित्सा प्रणाली र आध्यात्मिक शक्तिजस्ता आधारहरूले नेपाल आरोग्य पर्यटनका लागि विश्वमै प्रमुख गन्तव्यस्थल बन्न सहयोग पुग्दछ । यहाँको भौगोलिक विविधता, योग र ध्यानको केन्द्र, आयुर्वेदिक जडीबुटी र परम्परागत उपचार पद्धति, धार्मिक सहिष्णुता, सांस्कृतिक सम्पदा, स्वच्छ पानी र जैविक खाद्यप्रणाली नै आरोग्य पर्यटनका लागि उपयुक्त आधारहरू हुन् ।

वर्तमान सरकारले शासकीय सुधारका लागि तयार गरेको कामको सूचीमा आरोग्य पर्यटनलाई आर्थिक रूपान्तरणको राष्ट्रिय एजेण्डासहित नेपालको योग र प्राकृतिक चिकित्सा पर्यटनलाई अन्तर्राष्ट्रियरूपमा चिनाउने योजना अघि सारेको छ । सरकारले हालै सार्वजनिक गरेको शासकीय सुधारका लागि १०० कार्यसूचीको ७३ नं बुँदामा नेपाललाई आरोग्य पर्यटन (पूर्वीय दर्शन, ध्यान, योग, प्राकृतिक चिकित्सालगायत) को 'हब' बनाउन १५ दिनभित्र आरोग्य पर्यटन रणनीति जारी गर्ने उल्लेख गरेको छ । साथै, नेपालको प्रस्तावमा संयुक्त राष्ट्रसंघको महासभाले हरेक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने निर्णय गरेकामा उक्त प्रस्तावमा मतदान गर्ने सबै सदस्य राष्ट्रहरूलाई धन्यवाद ज्ञापन गरिएको छ । आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न 'नेपाल वेलनेस इयर २०२७' मनाउन अन्तरनिकाय संयन्त्र बनाउने निर्णयले नेपाललाई आरोग्य पर्यटनको केन्द्रको रूपमा स्थापित गर्न बाटो खुलेको छ ।

औषधि विज्ञानका क्षेत्रमा आज विश्वमा अनेक खोज अनुसन्धानहरूसँगै नयाँ-नयाँ रोगको संक्रमण पनि उत्तिकै बढ्दै जाँदा आधुनिक चिकित्सा पद्दतिले आममानिसलाई पूर्णस्वास्थ्यको सुनिश्चित गर्न सकेको छैन । निदनात्मक उपचार पद्दतिबाट कुनै रोगको उपचार हुन सके पनि त्यसको नकारात्मक असरबाट अर्को स्वास्थ्य समस्या देखिन जाँदा मानिसलाई पूर्णनिरोगी तुल्याउन कठिन भएको छ । वास्तवमा स्वास्थ्यलाई केबल उपचारको विषयका रूपमामात्र नभई समग्र जीवनशैली र सामाजिक प्रणालीसँग जोडेर हेर्नुपर्ने हुन्छ । मानिसको स्वास्थ्य स्थिति आन्तरिक सन्तुलन, सचेतना, स्वजागरण र आरोग्यबाट सुरु हुन्छ ।

पछिल्लो समय स्वास्थ्यलाई केबल रोग नलाग्नुको अवस्थामात्र नभई समग्र कल्याणको अवस्थाका रूपमा परिभाषित गरेको छ । दिगो र सुदृढ समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैलीको प्रवर्द्धन तथा सबैलाई पहुँच हुने समावेशी स्वास्थ्य प्रणाली विकासमा जोड दिन थालिएको छ । यहाँ स्वास्थ्य भन्नाले शारीरिक, मानसिक, सामाजिक, सांस्कृतिक, भावनात्मक तथा पर्यावरणीय पक्षसहितको समग्र सन्तुलित अवस्थालाई जनाउँछ । आधुनिक उपचार पद्दतिभन्दा पनि रोग नलाग्ने अवस्थामात्र नभई शारीरिक, मानसिक, सामाजिक तथा पर्यावरणीय सन्तुलनसहितको समग्र कल्याणका रूपमा राख्न पूर्वीय सभ्यतामा आधारित आरोग्यता जरुरत हुने तथ्यलाई विश्वव्यापी रूपमा स्वीकार गर्न थालिएको छ ।

### राष्ट्रसंघद्वारा नेपालको प्रस्ताव स्वीकार

नेपालले प्रस्ताव गरेअनुसार समग्र स्वास्थ्य, सुख र सन्तुलित जीवनशैली प्रवर्द्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको महासभाले गत मार्च १० मा हरेक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने प्रस्ताव पारित गरेसँगै देशमा आरोग्य पर्यटन (वेलनेस टुरिजम) प्रवर्द्धनले थप गति लिने विश्वास गरिएको छ । यसलाई नेपालका लागि कूटनीतिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ । सस्तो, सुलभ र समावेशी स्वास्थ्य अभ्यास अवलम्बन गर्न सबैलाई प्रेरित गर्नु नै यो दिवसको मुख्य लक्ष्य हो । यसले स्वस्थ जीवनशैली, मानसिक स्वास्थ्य संरक्षण तथा प्रकृतिसँग सन्तुलित जीवन बिताउन विश्व समुदायलाई प्रेरित गर्ने छ । नेपालले अन्तर्राष्ट्रियस्तरमा आरोग्यको अवधारणालाई प्रवर्द्धन गर्ने उद्देश्यसहित यो प्रस्ताव अघि सारेको हो । महासभाबाट प्रस्ताव पारित भएसँगै आरोग्यसम्बन्धी अवधारणालाई विश्वव्यापीरूपमा संस्थागत गर्ने दिशामा महत्त्वपूर्ण कदमका रूपमा लिन सकिन्छ । नेपालले प्रस्तुत गरेको अवधारणाले विश्वव्यापी स्वास्थ्य बहसलाई नयाँ आयाम दिने विश्वास गरिएको छ ।

महासभामा प्रस्ताव पारित भएपछि यसले विश्व समुदायलाई स्वास्थ्यप्रति समग्र दृष्टिकोण अपनाउन प्रेरित गरेको छ । साथै, विश्वभर सुदृढ र दिगो समाज निर्माणका लागि रोकथाममुखी स्वास्थ्य सेवा, स्वस्थ जीवनशैली तथा समावेशी स्वास्थ्य प्रणाली प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा पनि जोड दिएको छ । यस प्रस्तावले विश्वभर स्वास्थ्य प्रवर्द्धनका लागि बहुआयामिक दृष्टिकोण अपनाउन मार्गनिर्देशन गर्नुका साथै योग, ध्यान र प्राकृतिक उपचारमा आधारित आरोग्य पर्यटन प्रवर्द्धनमासमेत नेपाललाई महत्त्वपूर्ण अवसर प्राप्त भएको छ ।

विश्वव्यापीरूपमा आरोग्य पर्यटनको महत्त्वपूर्ण हिस्साको रूपमा प्रवर्द्धन गर्न सकिने र यसबाट नेपाली पर्यटन परिदृश्यको गुणात्मक सुधार हुने अपेक्षा गरिएको छ । यसबाट नेपाल आउने पर्यटकको संख्या वृद्धि हुने, पर्यटकको औसत बसाई लम्बिने र पर्यटकको दैनिक खर्चमा समेत वृद्धि भई मुलुकको अर्थतन्त्रमा समेत उल्लेख्य सुधार आउने विश्वास गर्न सकिन्छ । स्वास्थ्यलाई बहुआयामिकरूपमा बुझ्ने र त्यसअनुसार नीति तथा कार्यक्रम विकास गर्ने दिशामा यस्तो अन्तर्राष्ट्रिय पहल प्रभावकारी हुन सक्छ ।

आरोग्य पर्यटनको प्रस्तावक राष्ट्रको हैसियतमा विश्व पर्यटन बजारमा नेपाल प्रमुख स्रोत गन्तव्यको रूपमा स्थापित हुने भएकाले नवीन सोच, प्रभावकारी कार्यक्रम र परिणाममुखी व्यवस्थापनमार्फत नेपाललाई आरोग्य पर्यटनको केन्द्रका रूपमा स्थापित गर्न सम्बद्ध सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षको सक्रियता आवश्यक पर्दछ । विशेषगरी स्वास्थ्य सेवामा समान पहुँच, रोगको रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्यका विषयलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने हुन्छ । यसका लागि सरकार, अन्तर्राष्ट्रिय संस्था तथा समुदायबीच सहकार्य बढाउँदै स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने हुन्छ ।

### आरोग्य पर्यटनको सम्भावना

आरोग्य पर्यटनलाई नेपालले 'सफ्ट पावर'का रूपमा प्रयोग गर्न सक्ने अवसर रहेको छ । ध्यान, योग र प्राकृतिक चिकित्सासहितको आरोग्य पर्यटनले राष्ट्रिय गौरव जोगाउन र मानव कल्याणयुक्त पर्यापर्यटनको विकासमा सहयोग पुग्ने छ । प्राकृतिक सम्पदा, सांस्कृतिक धरोहर, परम्परागत चिकित्सा प्रणाली र आध्यात्मिक शक्तिजस्ता आधारहरूले नेपाल आरोग्य पर्यटनका लागि विश्वमै प्रमुख गन्तव्यस्थल बन्न सहयोग पुग्दछ । यहाँको भौगोलिक विविधता, योग र ध्यानको केन्द्र, आयुर्वेदिक जडीबुटी र परम्परागत उपचार पद्धति, धार्मिक सहिष्णुता, सांस्कृतिक सम्पदा, स्वच्छ पानी र जैविक खाद्यप्रणाली नै आरोग्य पर्यटनका लागि उपयुक्त आधारहरू हुन् ।

'आरोग्य नै समृद्धिको आधार हो' भन्ने लक्ष्यका साथ हाम्रा नीति, योजना र कार्यक्रमहरू कार्यान्वयन गर्न सक्दा विश्व समुदायबाट राम्रो लाभ लिन सकिने अवसर रहेको छ । आज विश्वभर आरोग्य उद्योग तीव्र गतिमा विस्तार भइरहेको छ । ग्लोबल वेल्नेस इन्स्टिच्युटका अनुसार सन् २०२४ मा विश्व आरोग्य अर्थतन्त्र ६.७६ ट्रिलियन अमेरिकी डलर पुगेको छ, जुन सन् २०१९ को ४.९९ ट्रिलियन डलरको तुलनामा करिब १३४.४ प्रतिशतले बढी हो । सन् २०२९ मा यो ९.७५ ट्रिलियन अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । यसमा थोरै अंश भए पनि प्राप्त गर्न सक्दा नेपालको समृद्धिमा ठूलो योगदान पुग्दछ ।

आज विश्व आपसी द्वन्द्व, अस्थिर राजनीति र धराशायी अर्थतन्त्रका कारण अशान्त, तनाव र अस्वस्थकर वातावरणमा गुज्रिन बाध्य भइरहेको अवस्थामा संयुक्त राष्ट्रसंघले नेपालको प्रस्तावलाई स्वीकार गरी मानवको समग्र आरोग्य र कल्याणलाई अन्तर्राष्ट्रिय एजेण्डामा स्थान दिनु अत्यन्त प्रेरणादायी र महत्त्वपूर्ण अवसर हो । नेपालले आरोग्य पर्यटनलाई आफ्नो राष्ट्रिय ब्राण्डका रूपमा स्थापित गर्न सकेको अवस्थामा आर्थिक समृद्धिमात्र होइन, विश्वलाई स्वास्थ्य, शान्ति र सन्तुलित जीवनशैली प्रदान गर्ने केन्द्रका रूपमा आफूलाई स्थापित गर्न सक्ने अवसर प्राप्त गरेको छ । अन्त्यमा नेपाललाई आरोग्य र आरोग्य पर्यटनको विश्व केन्द्रका रूपमा विकास गर्ने अभियानलाई सरकार, नागरिक समाज र आमनेपाली नागरिकको सामूहिक पहलमा अगाडि बढाउन सकेमा मुलुकको दिगो समृद्धिको र विश्वमा नेपालको बलियो योगदानको मार्गप्रशस्त गर्न सकिन्छ ।

बुधबार नेपाललगायत विश्वभर 'हिमालको चेतना, विश्वको आरोग्य' भन्ने नाराका साथ नेपाललगायत संसारभर आरोग्य दिवस मनाइएको छ । जीवन विज्ञानले लामो समयदेखि नै विश्वभरका मानिसहरूको पूर्णस्वास्थ्य र समग्र कल्याणका लागि योग, ध्यान र आरोग्यका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । त्यस्तै आरोग्य पर्यटनको क्षेत्रमा कार्य गरिरहेको होटल संघ नेपालले नेपाल सरकारको नेतृत्वमा आरोग्य पर्यटनसम्बन्धी रणनीतिक अवधारणापत्र तयार गर्ने काममा सहकार्य गर्दै आएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा बुधबार पहिलोपटक मनाइएको यस दिवसलाई केवल औपचारिक रूपमामात्रै नभएर मौलिक ज्ञान, संस्कृति र जीवनशैलीलाई विश्वभर फैलाउने ऐतिहासिक अवसरका रूपमा लिनुपर्छ । आरोग्य पर्यटनलाई प्रवर्द्धन गर्न सरकारले सन् २०२७ लाई 'नेपाल वेलनेस इयर' मनाउने निर्णय गरिसकेको सन्दर्भमा स्वदेशभित्रै सबै सरोकारवाला निकायहरूले आवश्यक पूर्वाधार तयार गर्न र विश्वभर प्रचारप्रसार अभियान थालनीको रूपमा प्रतिज्ञा गर्ने क्षणका रूपमा पनि यस दिनलाई लिनुपर्दछ । *रासस*

पाठक मञ्च

## उत्साहविहीन नयाँ वर्ष, महँगी र मन्दीको चिन्तामा जनता

नयाँ वर्ष सुरु भइसकेको छ । तर, आमनागरिकमा नयाँ सालको उत्साहभन्दा पनि चिन्ता देखिन्छ । २०८३ सालमा झन् महँगी बढ्ने बजारमा व्यापक चर्चा छ । आमसर्वसाधारण भन्छन्- पछिल्लो एक महिनामै सयौं गुणा महँगी बढिसक्यो । अब झन् बढ्ने देखिँदै छ । उता, व्यापारीहरू पनि चिन्तित देखिन्छन् । बजारमा झन् आर्थिक मन्दी छाउने उनीहरूको अनुमान छ ।

वैदेशिक रोजगारीमा आफ्नो सन्तति, अभिभावक, आफन्तहरू रहेका पनि चिन्तामा छन् । यी सबैको एउटै कारण हो, इजरायल, अमेरिका र इरान युद्ध । डेढ महिनायता जारी युद्ध झन् लम्बिँदो छ । युद्ध अझै चर्किने देखिन्छ । युद्धको असर केबल तीन देशमामात्र परेको छैन, विश्वका सबै मुलुकमा परिरहेको छ । तेलको खानी भएको इरानले इन्धन नै रोकिदिँदा अनि खाडीका डिपोसमेत ध्वस्त भएपछि संकट चुहिँदो छ ।

विश्वमै इन्धनको संकट सिर्जना भइसकेको छ । त्यसको असरबाट नेपाल पनि अछूत रहन सक्दैन । अहिले इन्धन त पाइरहेको छ । तर, मूल्य एकदमै आकासिँदो छ । जसका कारण हरेक वस्तुको मूल्यवृद्धि भएको छ । ५० रूपैयाँको सामान डेढ सय रूपैयाँ पुऱ्याइसकिएको छ । महँगी अझै बढ्ने निश्चित छ । तर, अब जनता बाँच्न सक्दैनन् ।

महिनाभरि काम गर्दा तलब आउँछ जम्मा पाँच हजारदेखि १५ हजार रूपैयाँ । अनि एक बोरा चामलमै तीन हजार परेपछि कसरी जीविकोपार्जन चलाउने ? फेरि चामलमात्र किनेर भएन, दाल, मरमसला, तरकारी पनि खानैपऱ्यो । तरकारीको भाउ झन् छोइनसक्नु छ । एक मुठा सागकै ५० रूपैयाँ असुलिन्छ । अरु तरकारी त झन् महँगो ।

काममा जान गाडी चढ्ने पऱ्यो । अहिले त सार्वजनिक यातायात चढ्नेबित्तिकै ४० रूपैयाँ असुलिन्छ । अलि परसम्म यात्रा गरेको ६०-७० रूपैयाँसम्म । कोठा भाडा पनि तिर्नैपऱ्यो । इन्धनको भाउ बढेसँगै घरधनीहरूले भाडा बढाउन थालेका छन् । पाँच हजारको अँध्यारो, सानो कोठालाई सात हजारसम्म पुऱ्याइएको छ । छोराछोरी पढाउनैपऱ्यो ।

स्कुलहरूले विभिन्न बहानामा जथाभावी शुल्क गर्नु त स्वाभाविकै भइसक्यो । काम गरे पनि तलब पाइँदैन । कतिपय जनतालाई बिहानबेलुकाको छाक टार्न धौधौ परिरहेको अवस्थामा कोही भने चिल्ला गाडीमा सुकिलामुकिला भएर हिँडिरहेका छन् । तर, अब चिल्ला गाडी चढ्ने दिनको अन्त्य हुँदै छ । किनकि इन्धनविना गाडी चल्दैन ।

नेपालमा सञ्चालित सवारीसाधनमध्ये ८०-८५ प्रतिशत इन्धनबाट चल्छन् । यी गाडी छिमेक भारत र चीनबाट ल्याइएको हो । एउटै गाडीमा अढाइ लाखदेखि २४ करोडसम्म लगानी गरिएको पाइन्छ । तर, इन्धन नै नभएपछि त्यो करोडौंको गाडी के काम ? अर्को कुरा, विदेशीले खाद्यान्न नपठाए हामी नेपाली भोकभोकै मर्नुपर्ने अवस्था आउनसक्छ ।

पाँच दशकअघि खाद्यान्नमा आत्मनिर्भर अनि विदेशीलाई अन्न निर्यात गर्ने नेपाल अहिले किन यो हालतमा पुग्यो ? सरकारले खोजतलास गरेको पाइँदैन । यहाँ त खेतीयोग्य जमिन टुक्राटुक्रा पारेर घरलगायत संरचना ठडयाउने क्रम जारी छ । उब्जनीका निम्ति एकदमै योग्य मानिने काठमाडौं उपत्यकामा अहिले खाली जमिन भेटिनै मुस्किल छ । यसरी खेतीयोग्य जमिनमा संरचना बनाउँदा सरकार भने मौन छ ।


एकातर्फ सरकार कृषिको नारा लगाउँछ । नेपाललाई कृषिप्रधान मुलुक दाबी गरिन्छ । अर्कोतर्फ, खेतीयोग्य जमिन सबै मासिरहेको छ । यसले भविष्यमा ठूलो संकट पक्कै निम्त्याउने छ । किनकि खाद्यान्नमा आत्मनिर्भर नहुने देशको न अर्थतन्त्र मजबुत हुन्छ न रणनीति र कूटनीति । सधैं विदेशीसामु झुकिरहनुपर्छ । तर, नेपाल सरकारले यो कुरा कहिल्यै बुझेन । सरकार खेतीयोग्य जमिन बचाउनुको साटो उल्टै कित्ताकाटका निम्ति स्वीकृति दिन्छ ।

अनि कसरी देश उभो लाग्छ ? जुन देशमा सरकारले दलाल र माफियाको हितमा काम गर्छ, त्यो देशमा राज्य न जनतालाई फाइदा हुन्छ । सरकार त माफियाको पछि लाग्यो नै जनता पनि लहैलहैमा लागे । पाँच हजार रोपनीको खेतीयोग्य जमिन मानिसहरूले आनाकै लाखौं-करोडौं रकम हालेर किनेका छन् । विशेषगरी उपत्यका र सहरी इलाकामा यत्रो मूल्यमा जग्गा किनियो । गाउँका आफ्ना सयौं रोपनी खेतीयोग्य जमिन बाँझो छोडिएको छ ।

अहिले मानिसहरू लहैलहैमा लाग्छन् । अरुले जे भन्छन्, गर्छन् त्यही नै गर्छन् । उदाहरणका निम्ति एउटाले घर बनाएर भाडामा लगाएर बसीबसी कमाएको देखेर अर्कोतिर पनि त्यही गर्छ । र, केही दशकयता भइरहेको पनि यही हो । घरजग्गा, गाडी र सेयर विलासिताका वस्तु हुन् भनेर कानुनमा स्पष्ट भनिएको छ । तर, यहाँ त कानुन बुझेका, पढेकाहरूले नै यी क्षेत्रमा भरपुर लगानी गरेका छन् ।

सरकार पनि उस्तै छ । विदेशी देशहरूमा जग्गा राज्यको स्वामित्वमा रहन्छ । तर, नेपालमा व्यक्तिको स्वामित्वमा दिँदा एकातिर खेतीयोग्य जमिन त मासियो नै सरकारी जग्गासमेत हडप्ने क्रम बढ्दो छ । त्यसैले, अब भने सरकारको पनि बुद्धि आयोस् । बेलैमा उचित निर्णय गरोस् । नत्र भविष्यमा ठूलो क्षति व्यहोर्नुपर्ने छ ।

**- रूषा थापा**
भक्तपुर



चीनको गुइझोउ प्रान्तको गुइयाङस्थित गुआनशान्हु जिल्लामा 'ड्रोन लाइट शो' हेर्दै मानिसहरू । *तस्बिरः सिन्ह्वा*

# बिहारमा नयाँ नेतृत्व, मुख्यमन्त्रीमा सम्राट चौधरी

**पटना (बिहार)–** भारतको बिहार राज्यमा राजनीतिक इतिहासमै महत्त्वपूर्ण मोड आएको छ । भारतीय जनता पार्टी (भाजपा) का नेता सम्राट चौधरीले बुधबार बिहारको मुख्यमन्त्रीका रूपमा शपथ लिएका छन् । यससँगै लामो समयदेखि राज्य राजनीतिमा प्रभाव जमाउँदै आएका नीतिश कुमारको युग समाप्त भएको संकेत गरिएको छ ।

राज्यसभामा जाने निर्णय गर्नुअघि एक दशकभन्दा बढी समय बिहारको नेतृत्व सम्हालेका नीतिश कुमारको उत्तराधिकारीका रूपमा सम्राट चौधरी बिहान राज्यपालको निवास बिहार लोक भवनमा पुगेका थिए । त्यहीँ बिहारका राज्यपाल सैयद अता हसनैनले उनलाई मुख्यमन्त्री पदको शपथ दिलाएका हुन् ।



नीतिश कुमारको राजीनामापछि चौधरी बिहारका पहिलो भाजपा मुख्यमन्त्री बनेका छन् । सन् २०२५ को विधानसभा चुनावमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडिए)ले ऐतिहासिक जित दर्ता गरेपछि उनले रेकर्ड १०औं पटक मुख्यमन्त्रीको रूपमा शपथ लिएका थिए । यसले राज्य राजनीतिमा लामो समयसम्म उनको प्रभाव देखाएको थियो ।

तर अब ५७ वर्षीय सम्राट चौधरीले उनको स्थान लिँदै बिहारको नेतृत्व सम्हालेका छन् । उनको उदयलाई केवल सत्ता परिवर्तनका रूपमामात्र नभई बिहारको राजनीतिक युग परिवर्तनका रूपमा पनि हेरिएको छ, जहाँ नीतिश कुमारको 'सुशासन' केन्द्रित शासन शैलीले लामो समय प्रभाव जमाएको थियो ।

सम्राट चौधरीको राजनीतिक यात्रा रोचक मानिन्छ । राजनीतिमा प्रारम्भिक प्रवेश उनले १९९० को दशकमा राष्ट्रिय जनता दल (आरजेडी) बाट गरेका थिए भनेपछि सन् २०१८ मा उनी भाजपा प्रवेश गरेका हुन् । सन् २०२३ मा उनलाई भाजपा प्रदेश अध्यक्ष बनाइएको थियो र सन् २०२४ मा उनले बिहारको उपमुख्यमन्त्रीको जिम्मेवारी सम्हालेका थिए ।

सन् १९६८ मा जन्मेका चौधरी राजनीतिकरूपमा प्रभावशाली परिवारबाट आएका हुन् । उनका पिता शकुनी चौधरी तारापुर निर्वाचन क्षेत्रबाट छ पटक विधायक निर्वाचित भएका थिए भने आमा पार्वती देवीले सन् १९९८ मा तत्कालीन समता पार्टीबाट सोही क्षेत्र जितेका थिए ।

पहिले नीतिश कुमारका कट्टर आलोचक रहेका चौधरी सन् २०२४ मा भाजपा-जेडियू गठबन्धन पुनः बनेपछि राजनीतिकरूपमा नयाँ भूमिकामा देखिएका थिए । सन् २०२२ मा उनले सार्वजनिकरूपमा नीतिश कुमारलाई सत्ताबाट हटाएपछि मात्र आफ्नो प्रतीकात्मक 'मुरेथा' (पगडी) उतार्ने बताएको थियो, जसले उनको आक्रामक राजनीतिक शैली झल्काउँथ्यो ।

आजको शपथ ग्रहणअघि केन्द्रीय मन्त्री चिराग पासवानले चौधरीलाई भेटेर शुभकामना व्यक्त गरेका थिए । उनले सामाजिक सञ्जाल एक्समा लेख्दै चौधरीको नेतृत्वमा बिहार विकास, सुशासन र समृद्धिको नयाँ चरणमा प्रवेश गर्ने विश्वास व्यक्त गरेका थिए ।

सम्राट चौधरीको नेतृत्वलाई ओबिसी समुदाय, विशेषगरी कोइरी/कुशवाहा समूहबीच पार्टीको समर्थन विस्तार गर्ने रणनीतिक कदमका रूपमा पनि विश्लेषण गरिएको छ । *रासस/एएनआई*

# इरानी नाविक फिर्ता, हिन्द महासागरमा युद्धको छाया

**कोलोम्बो–** मध्यपूर्वको द्वन्द्व विस्तारिँदै हिन्द महासागरसम्म प्रभाव पारिरहेका बेला श्रीलंकाले आफ्नो भूमिमा आश्रय लिएका २३८ इरानी नाविकहरूलाई स्वदेश फिर्ता गरेको जनाएको छ । अमेरिकी पनडुब्बी आक्रमणपछि समुद्रमा संकटमा परेका ती नाविकहरूलाई उद्धार गरी मानवीय आधारमा संरक्षण दिइएको थियो ।

श्रीलंकाका उपरक्षामन्त्री अरुणा जयसेकराका अनुसार मार्च ४ मा श्रीलंकाको समुद्री क्षेत्रमा आक्रमणमा परेको इरानी युद्धपोत 'आइआरआइएस डेना' बाट ३२ जना नाविकलाई उद्धार गरिएको थियो । साथै, अर्को इरानी जहाज 'आइआरआइएस बुसेहर' का २०६ जना नाविकलाई मंगलबार स्वदेश फर्काइएको उनले जानकारी दिए ।

उनका अनुसार 'आइआरआइएस बुसेहर'का केही प्राविधिक नाविकहरू जहाज सञ्चालनका लागि फर्किएका छन् भने 'आइआरआइएस डेना' बाट उद्धार गरिएका २०६ जना नाविकलाई चार्टर्ड विमानमार्फत इरान पठाइएको हो । यसअघि श्रीलंकाको उत्तरपूर्वी क्षेत्र त्रिन्कोमालीमा लंगर गरिएको 'आइआरआइएस बुसेहर' सञ्चालनका लागि १५ जना इरानी नाविकहरू अझै त्यहीँ रहने बताइएको छ ।

इरानी अधिकारीहरूले 'आइआरआइएस डेना' माथिको आक्रमणलाई मध्यपूर्वको युद्ध हिन्द महासागरसम्म फैलिएको संकेतका रूपमा व्याख्या गरेका छन् । अमेरिका र इजरायलसँगको द्वन्द्वको प्रारम्भिक चरणमै भएको उक्त आक्रमणमा १०४ जना नाविकको ज्यान गएको जनाइएको छ । तीमध्ये ८४ जनाको शव उद्धार गरी स्वदेश पठाइसकिएको छ ।

गत महिना श्रीलंकाका लागि इरानी राजदूत अलिरेजा डेलखोसले कोलम्बोसँग 'आइआरआइएस बुसेहर'का नाविकहरूको फिर्तीका विषयमा वार्ता भइरहेको जानकारी दिएका थिए । श्रीलंकाले उक्त जहाजलाई सुरक्षित बन्दरगाह उपलब्ध गराएको थियो ।

श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायकले सन् १९०७ को हेग महासन्धिअनुसार मानवीय आधारमा इरानी नाविकहरूलाई संरक्षण प्रदान गरिएको स्पष्ट पारेका छन् । तर दोस्रो इरानी जहाजका सबै नाविकलाई देश छोड्न अनुमति दिइएको कानुनी आधारबारे भने तत्काल स्पष्ट हुन सकेको छैन । *रासस/एएफपी*

# चीन–रुस सम्बन्ध 'बहुमूल्य'

**बेइजिङ–** विश्वव्यापी अस्थिरता र द्वन्द्वले अन्तर्राष्ट्रिय परिदृश्य थप जटिल बनाइरहेका बेला चिनियाँ राष्ट्रपति सी चिनफिङले चीन-रुस सम्बन्धलाई 'विशेष रूपमा बहुमूल्य' भन्दै यसको रणनीतिक महत्त्व अझ बढेको बताएका छन् । विशेषगरी इरानमा जारी युद्ध र त्यसले सिर्जना गरेको अनिश्चितताबीच दुई देशबीचको स्थिर सहकार्यलाई उनले महत्त्वपूर्ण आधारका रूपमा प्रस्तुत गरेका हुन् ।



बेइजिङमा रुसी विदेशमन्त्री सेर्गेई लाभरोभसँग भएको भेटमा राष्ट्रपति सीले चीन-रुस मैत्री सन्धिको जीवन्तता र यसको उदाहरणीय महत्त्व वर्तमान अन्तर्राष्ट्रिय अवस्थाले अझ स्पष्ट बनाएको उल्लेख गरे । उनले परिवर्तन, तनाव र अराजकताले भरिएको विश्व परिवेशमा दुई देशबीचको स्थिरता र पारस्परिक विश्वास अत्यन्तै आवश्यक रहेको धारणा राखे ।

उनले रणनीतिक सञ्चारलाई अझ मजबुत बनाउन र कूटनीतिक समन्वयलाई सुदृढ पार्न दुवै पक्षलाई आह्वान गर्दै आफू र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच भएका सहमतिहरूलाई दुवै देशका विदेश मन्त्रालयले पूर्णरूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । साथै, बेइजिङ र मस्कोबीचको व्यापक रणनीतिक साझेदारीलाई अझ उचाइमा पुऱ्याउँदै स्थिर र सुदृढ ढंगले अघि बढाउनुपर्ने आवश्यकता औंल्याए ।

इरानमा जारी युद्ध कति लामो समयसम्म चल्ने छ भन्ने अन्योल कायम रहेको अवस्थामा राष्ट्रपति सीले चीन-रुस सम्बन्धको सान्दर्भिकता अझ बढेको उल्लेख गरे । यसै सन्दर्भमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फक्स बिजनेस नेटवर्कसँगको अन्तर्वार्तामा युद्ध 'समाप्तिको नजिक' पुगेको बताएको क्लिप सार्वजनिक भएको छ । यद्यपि, युद्ध सुरु भएदेखि ट्रम्पले बारम्बार विजयको दाबी गरे पनि स्थलस्थित वास्तविकता अझै जटिल रहेको विश्लेषण गरिएको छ ।

विशेषगरी सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि चीन र रुसबीचको सम्बन्ध उल्लेखनीयरूपमा गहिरिएको छ । युक्रेन युद्धप्रति ट्रम्पको फरक दृष्टिकोणले केही कूटनीतिक उतारचढाव ल्याए पनि दुई देशबीचको आधारभूत साझेदारीमा ठूलो परिवर्तन आएको देखिँदैन ।

गत सेप्टेम्बरमा पुटिन चीन भ्रमणमा आउँदा राष्ट्रपति सीले उनलाई 'पुरानो मित्र' भन्दै स्वागत गरेका थिए भने पुटिनले पनि सीलाई 'प्रिय मित्र' भनेर सम्बोधन गरेका थिए, जसले दुई नेताबीचको व्यक्तिगत तथा राजनीतिक निकटता झल्काउँछ ।

रुसी विदेशमन्त्री लाभरोभ चिनियाँ विदेशमन्त्री वाङ यीको निमन्त्रणामा दुई दिने औपचारिक भ्रमणका लागि मंगलबार बेइजिङ आइपुगेका हुन् । यस भ्रमणलाई दुई देशबीचको समन्वय थप मजबुत बनाउने प्रयासका रूपमा हेरिएको छ । *रासस/एपी*

## चीनको ऊर्जा अभाव पूर्ति गर्न रूस तयार

**बेइजिङ–** मध्यपूर्वमा जारी अमेरिका-इजरायल र इरानबीचको युद्धका कारण विश्व ऊर्जा आपूर्तिमा देखिएको अनिश्चितताबीच रुसले चीनको सम्भावित ऊर्जा अभाव पूर्ति गर्न सक्ने स्पष्ट संकेत दिएको छ । विशेषगरी होर्मुज जलडमरूमध्यबाट हुने ढुवानीमा अवरोध आएपछि उत्पन्न परिस्थितिमा मस्कोले आफूलाई वैकल्पिक आपूर्तिकर्ताका रूपमा प्रस्तुत गरेको हो ।

रुसका विदेशमन्त्री सर्गेइ लाभरोभले बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा आफ्नो देश चीनसहित सहकार्य गर्न इच्छुक अन्य राष्ट्रहरूको ऊर्जा आवश्यकतामा देखिन सक्ने कमी पूर्ति गर्न सक्षम रहेको बताए । होर्मुज क्षेत्रको अवरोधका कारण ऊर्जा आपूर्ति प्रभावित हुने सम्भावनाबारे सोधिएको प्रश्नमा उनले रुससँग पर्याप्त स्रोत रहेको उल्लेख गरे ।

यसै सन्दर्भमा उनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चालु वर्षको पहिलो अर्धवार्षिकभित्र चीनको भ्रमण गर्ने तयारी रहेको जानकारी दिए । मस्कोस्थित राज्य समाचार एजेन्सी तासका अनुसार उक्त भ्रमणले दुई देशबीचको रणनीतिक साझेदारीलाई अझ सुदृढ बनाउने अपेक्षा गरिएको छ ।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि पश्चिमी प्रतिबन्धका कारण मस्को र बेइजिङबीचको आर्थिक तथा राजनीतिक सहकार्य उल्लेखनीयरूपमा गहिरिएको छ । पछिल्ला वर्षहरूमा ऊर्जा, व्यापार र कूटनीतिमा दुवै देशबीचको समन्वय तीव्र बन्दै गएको देखिन्छ ।

चीनको दुईदिने भ्रमणका क्रममा लाभरोभले राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गरेका थिए । उक्त भेटपछि उनले रुस-चीन सम्बन्धलाई 'कुनै पनि चुनौतीको सामना गर्न सक्षम र स्थिर' भएको उल्लेख गरे । साथै, यी सम्बन्धहरूले अन्तर्राष्ट्रिय मामिलामा स्थायित्व ल्याउने भूमिका खेलिरहेको र विश्वव्यापीरूपमा यसको महत्त्व बढ्दै गएको पनि उनको भनाइ थियो ।

उनका अनुसार विश्वका धेरै देशहरू अस्थिरता वा द्वन्द्वभन्दा शान्ति र सहकार्य चाहन्छन् र यस्तो सन्दर्भमा रुस-चीन सहकार्यले सन्तुलन कायम गर्न मद्दत पुऱ्याइरहेको छ । लाभरोभको यो भ्रमण त्यस्तो समयमा भएको हो जतिबेला चिनियाँ राष्ट्रपति सी चिनफिङले एकै साता विभिन्न देशका उच्चस्तरीय नेताहरूसँग भेटघाट गरिरहेका छन् । तीमध्ये भियतनामका नेता टो लाम र स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेज पनि रहेका छन् । *रासस/एजेन्सी*

# उत्तर कोरियाको आणविक क्षमता तीव्र वृद्धिः आइएइए

**सियोल–** अन्तर्राष्ट्रिय आणविक निगरानी निकायका प्रमुखले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा 'धेरै गम्भीर वृद्धि' भइरहेको चेतावनी दिएका छन् । पछिल्ला निरीक्षण र मूल्यांकनले देशको संवर्द्धन तथा पुनःप्रशोधन गतिविधि तीव्ररूपमा बढिरहेको देखाएको हो ।

अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का महानिर्देशक राफाएल ग्रोसीले बुधबार सियोलमा पत्रकार सम्मेलन गर्दै उत्तर कोरियाले आणविक हतियार विकासतर्फका प्रमुख संरचनाहरू सक्रिय रूपमा विस्तार गरिरहेको बताए । उनका अनुसार यो परिवर्तनले देशको रणनीतिक क्षमता उल्लेखनीयरूपमा बढिरहेको संकेत गर्छ ।

दक्षिण कोरियाको गुप्तचर निकायका अनुसार कूटनीतिकरूपमा अलग रहेको उत्तर कोरियाले युरेनियम सम्वर्द्धनका लागि धेरै सुविधाहरू सञ्चालन गरिरहेको अनुमान गरिएको छ, जुन आणविक हतियार निर्माणको अत्यन्त महत्त्वपूर्ण चरण हो । तीमध्ये योङब्योन परमाणुस्थल पनि समावेश छ, जसलाई प्योङयाङले अघिल्ला वार्तापछि निष्क्रिय बनाएको दाबी गरेको थियो तर सन् २०२१ मा पुनः सक्रिय गरिएको बताइन्छ ।

ग्रोसीका अनुसार आइएइएले आफ्नो आवधिक मूल्यांकनका क्रममा योङब्योन रिएक्टरको सञ्चालनमा तीव्र वृद्धि भएको पुष्टि गरेको छ । साथै, पुनःप्रशोधन एकाइ र हल्का पानी रिएक्टरमा पनि गतिविधि बढेको देखिएको छ भने अन्य सम्बन्धित संरचनाहरू समेत सक्रिय अवस्थामा रहेको पाइएको छ ।

उनले भने, 'यी सबै गतिविधिहरूले उत्तर कोरियाको आणविक हतियार उत्पादन क्षमतामा निकै गम्भीर वृद्धि भएको संकेत गर्छ, जसको अनुमानित संख्या केही दर्जन हतियारसम्म पुग्न सक्छ ।'

उत्तर कोरियाले सन् २००६ मा पहिलो आणविक परीक्षण गरेयता लगातार आफ्नो प्रतिबन्धित आणविक कार्यक्रम विस्तार गर्दै आएको छ । संयुक्त राष्ट्रसंघीय प्रतिबन्धहरूका बावजुद प्योङयाङले आफ्नो आणविक हतियार कहिल्यै त्याग्ने छैन भन्ने अडान दोहोऱ्याउँदै आएको छ ।

यसैबीच, उत्तर कोरियाको आणविक विकासमा रूसको सम्भावित भूमिकासम्बन्धी प्रश्नमा ग्रोसीले आइएइएले हालसम्म त्यसबारे कुनै ठोस प्रमाण नदेखेको स्पष्ट पारे ।

यद्यपि, विश्लेषकहरूका अनुसार उत्तर कोरियाले युक्रेनमा रूसको सैन्य अभियानलाई समर्थन गर्न सैनिक र तोपखाना सहयोग पठाएको छ भने त्यसको बदलामा मस्कोबाट सैन्य प्रविधि सहायता प्राप्त गरिरहेको आशंका गरिएको छ । यस्तो पृष्ठभूमिमा उत्तर कोरियाको आणविक कार्यक्रम थप संवेदनशील अन्तर्राष्ट्रिय मुद्दा बनेको देखिन्छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोहरुखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहिरूत दाहरूाल) - फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिरूमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी-गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं.9851079417, 2297501|HaLMax¿Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४१५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३०२७०० | प्रति तोला - ० | प्रति तोला - ५२२० |

## राष्ट्रिय आर्थिक गणना सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** देशको समग्र आर्थिक अवस्थाबारे बुझ्न तथा विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने विस्तृत विवरण संकलनका निम्ति दोस्रो राष्ट्रिय आर्थिक गणना सुरु भएको छ ।

देशभर ८४ वटा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरेर तथ्यांक संकलन थालेको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ ।

उक्त कार्यालयले बुधबार यहाँ पत्रकार सम्मेलन गरेर चार हजार ४३३ जना तालिमप्राप्त गणक तथा सुपरीवेक्षक आगामी असार ७ गतेसम्म तथ्यांक संकलनमा परिचालन हुने जानकारी दिएको हो ।

उक्त कार्यालयका प्रवक्ता ढुण्डीराज लामिछानेका अनुसार उद्योग, व्यापार, सेवा, निजी व्यवसाय, सहकारी तथा सार्वजनिक संस्थानहरूको संख्या, वितरण, रोजगारी, उत्पादन तथा सेवा प्रवाहसम्बन्धी विस्तृत विवरण संकलन गरिने छ ।

अन्तरर्राष्ट्रिय औद्योगिक वर्गीकरणअनुसार अर्थतन्त्रका २१ मध्ये १८ क्षेत्रमा आधारित आर्थिक क्रियाकलापलाई गणनामा समेटिएको छ । गणनामा दर्ता भएका तथा नभएका साना-ठूला व्यवसाय, गैरसरकारी संस्था, विद्यालय, अस्पताललगायत आर्थिक गतिविधिमा संलग्न एकाइहरूमा समावेश छन् भने कूटनीतिक नियोग, सुरक्षा निकाय तथा घरायसी क्रियाकलापलाई गणनामा समावेश गरिएको छैन ।

'गणनालाई सफल बनाउन केन्द्रदेखि स्थानीय तहसम्म समन्वय समितिहरू गठन गरिएका छन् । साथै, स्थानीय तह र वडा कार्यालयसँग सहकार्य, उद्योग व्यवसायसँग सम्झौता तथा सञ्चारमाध्यममार्फत प्रचारप्रसार गरिएको कार्यालयले जनाएको छ । रेडियो, टेलिभिजन तथा डिजिटल माध्यमबाट जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालनमा छन्', प्रवक्ता लामिछानेले भने, 'प्राविधिक रूपमा गणनालाई सुदृढ बनाउन अनलाइन 'इ-सेन्सस' प्लेटफर्म सञ्चालनमा ल्याइएको छ भने भौगोलिक सूचना प्रणाली (जिआइएस) मार्फत गणना क्षेत्र पहिचान गरिएको छ ।'

साथै उनले उद्यमी, व्यवसायी, सेवा प्रदायक तथा संघसंस्थालाई सत्य, पूर्ण र विश्वसनीय विवरण उपलब्ध गराउन आग्रह गरे । संकलित सबै विवरण तथ्यांक ऐन, २०७९ अनुसार गोप्य राखिने छ ।

## हेटौंडा सिमेन्ट उद्योग पूर्ण क्षमतामा सञ्चालन गर्न माग

■ प्रभाव संवाददाता

**बागमती–** आर्थिक संकट व्यहोर्दै आएको हेटौंडा सिमेन्ट उद्योग नियमित सञ्चालन गर्न माग गरिएको छ ।

रुग्ण उद्योगहरूलाई पुनः सञ्चालनमा ल्याउने सरकारले तयारी गरेपछि आर्थिक संकटका कारण कहिले बन्द हुने र कहिले खुल्ने नियति सो उद्योगले भोग्दै आएको छ । सरकारले बन्द उद्योग सञ्चालन गर्ने घोषणा गरेकाले विभिन्न समस्यासँग जुध्दै अएको हेटौंडा उद्योग पनि नियमित र पूर्ण क्षमतामा सञ्चालन गर्न माग गरिएको हो ।

सिमेन्ट उद्योगलाई पुनः नियमित कसरी सञ्चालन गर्न सकिन्छ भने विषयमा सांसद प्रकाश गौतमले प्राथमिकता दिएको छ । हेटौंडा सिमेन्ट उद्योगको समस्या समाधान गरी नियमित सञ्चालनका लागि संघीय र बागमती प्रदेश सरकारसँग पहल गरिरहेको उनले बताए ।

'हेटौंडा सिमेन्ट उद्योगलाई पुनः कसरी नियमित रूपमा सञ्चालन गर्न सकिन्छ भने विषयमा प्रधानमन्त्री र उद्योगमन्त्रीसँग पनि कुरा गरेको छु', सांसद गौतमले भने, 'यसै विषयमा केही दिनअघि बागमती प्रदेशका मुख्यमन्त्रीसँग पनि छलफल गरेको छु, उहाँहरूले पनि सकारात्मक आश्वासन दिनुभएको छ । उद्योगका कर्मचारीहरूसँग पनि यस विषयमा अन्तर्क्रिया गरेको छु, सबैबाट राम्रै सुझाव आएको छ', उनले भने ।



उद्योग चलाउन सकिने सम्भावना देखिन्छ, उद्योग रुग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलबमात्र खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ ।

■ प्रकाश गौतम
प्रतिनिधिसभा सांसद

'उद्योग चलाउन सकिने सम्भावना देखिन्छ, उद्योग रुग्ण हुनुमा व्यापारिकभन्दा पनि सरकारी भएपछि सेवामूलक, तलबमात्र खाने बाटो बनाएको जस्तो मात्रै देखिन्छ', उनले भने, 'उद्योगमा हुँदै आएको राजनीतिक हस्तक्षेप, आन्तरिक रूपमा हुने भ्रष्टाचार रोक्न सकियो र नयाँ व्यवस्थापन टिम बनाउन सकियो भने उद्योग चलाउन सकिने सम्भावना देखिन्छ । त्यसैका लागि म प्रयास गरिरहेको छु, छिट्टै सकारात्मक परिणाम आउन सक्नेमा विश्वास्त छु,' उनको कथन छ ।

उद्योग प्रशासनका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा गत भदौको १९ देखि २४ गतेसम्म पाँच दिनमात्र उद्योग सञ्चालन भएको छ । सो अवधिमा दुई हजार ५०० टन क्लिंकर र करिब ३० हजार बोरा सिमेन्ट उत्पादन भएको उद्योगका निमित्त महाप्रबन्धक डा शिवनारायण साहले बताए ।

गत चैत १३ गतेदेखि उद्योगले पुनः क्लिंकर उत्पादन प्रक्रिया सुरु गरे पनि कच्चा पदार्थ नहुँदा पुनः रोकिएकोछ । अघिल्लो महिनामा कोइला खरिदका लागि बोलपत्र आह्वान गरिए पनि पुरानो बक्यौता रकम तिर्न नसक्दा कोइला आउन नसकेकाले एकदुई दिनमा पुनः उद्योग बन्द हुने निमित्त प्रमुख डा साहको भनाइ छ ।

'अहिले मौज्दात रहेको कच्चा पदार्थबाट क्लिंकर उत्पादन हुँदैछ, क्लिंकरबाट सिमेन्ट उत्पादन गरेर प्याकिङ हुन्छ', निमित्त महाप्रबन्धक साहले भने, 'अबको एकदुई दिनमा उत्पादन ठप्प हुन्छ, तर नियमित खर्च जस्ताको त्यस्तै छ', डा साहले भने, 'उद्योगको उत्पादन बन्द भए पनि कर्मचारीहरूको तलबभत्ता दिनै परेको छ, केही इन्धन खर्च र समान्य मर्मत खर्च भइरहेकै छ ।' जसका कारण उद्योगमा आर्थिक समस्या त बढ्दै जाने कुरा त भइनै हाल्यो, उनले भने ।

'उद्योग दैनिक सञ्चालन भयो भने कम्तीमा दैनिक एक सय २० टन कच्चा पदार्थ कोइलाको आवश्यक पर्छ', उनले भने, 'तर त्यो पनि छैन र कोइलाको पुरानो भुक्तानी भइनसकेकाले तत्काल कोइला आउने सम्भावना पनि छैन ।' यसबाहेक आर्थिक समस्याका कारण कर्मचारीले अतिरिक्त समयमा गरेको कामको भुक्तानी पनि गर्न सकिएको छैन भने ।

उक्त उद्योगमा एक सय ६६ जना स्थायी, दैनिक ज्यालादारीका एक सय र ५२ जना सुरक्षाकर्मी गरी तीन सय १८ जना जनशक्ति कार्यरत छन् । आर्थिक समस्याकै कारण विद्युत् प्राधिकरणको लामो समयदेखि महसुल बुझाउन नसकिँदा अहिले बक्यौता थपिएको छ । 'विद्युत् उपभोग त गरियो तर महसुल बुझाउन सकिएन', उनले भने, 'अहिले ठ्याक्कै कति महसुलको बक्यौता बुझाउन बाँकी भने भन्न नसकिए पनि करिब ३०/४० करोड जति बक्यौता बाँकी छ होला ।' त्यसैले पनि विद्युत् प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गरिदिनुस् भन्न सकिने अवस्था नरहेको उनको कथन छ ।

विसं २०३३ मा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरूको भनाइ छ ।

## कर्पोरेट

### एनआइसी एसिया बैंकद्वारा आमा घर सेवा आश्रमलाई वाटर प्युरिफायर प्रदान




**काठमाडौं (प्रस)–** एनआईसी एशिया बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत मनहरी-८, मकवानपुरस्थित आमा घर सेवा आश्रममा रहेका व्यक्तिहरूलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यका साथ आरओ वाटर प्युरिफायर जडान गरेको छ ।

परिवारबाट अपहेलित तथा सहयोगको आवश्यकता भएका व्यक्तिहरूलाई खानेबस्ने सुविधासहित आश्रय दिइरहेको उक्त संस्थाका लागि यस बैंकका सर्कल हेड- नारायणगढका रामकृष्ण काफ्लेले आमा घर सेवा आश्रमका संरक्षक विजय राज सिग्देलज्यूलाई मिति २०८३ वैशाख २ गते एक कार्यक्रमका बीच आरओ वाटर प्युरिफायर हस्तान्तरण गरे । बैंकले उपलब्ध गराएको उक्त सहयोगले आश्रममा आश्रित व्यक्तिहरूलाई स्वच्छ खानेपानीको सुविधा हुनुको साथै वहाँहरूको स्वास्थ्य तथा आश्रमको बसाई अझ सहजता हुने बैंकले विश्वास लिएको छ ।

### नयाँ उद्देश्य, लक्ष्य र मूल्यमान्यताका साथ अघि बढ्दै नबिल बैंक




**काठमाडौं (प्रस)–** नबिल बैंक लिमिटेडले नयाँ वर्ष २०८३ को सुरुवातसँगै चार दशकदेखिका आफ्ना लक्ष्य, उद्देश्य र मूल्यमान्यतालाई पुनर्परिभाषित गरेको छ । यी पुनर्परिभाषित उद्देश्यले विश्वास, उत्थानशीलता र तयारीप्रति बैंकको प्रतिबद्धतालाई पुनः पुष्टि गरेको बैंकले जनाएको छ । नबिल बैंकले 'नेपालको सबैभन्दा विश्वासिलो एवम् भरपर्दो र भविष्यका लागि तयार बैंक बन्ने' उद्देश्य लिएको छ ।

'विश्वस्तरीय नेपाली बैंक बन्ने ध्येयका साथ, उद्देश्यबाट प्रेरित, विश्वास, अनुशासन र अनुपालनमा आधारित, नवीनताद्वारा सञ्चालित, सुशासन, वातावरणीय, सामाजिक र प्रशासनिक दायित्वले निर्देशित र भविष्यका लागि तयार नेतृत्वको सिर्जना गर्दै, सेवाग्राहीलाई प्राथमिकता दिँदै उत्कृष्टता प्रदान गर्न प्रतिबद्ध,' बैंकको पुर्नपरिभाषित लक्ष्य रहेको छ । बैंकिङ प्रणाली द्रुत गतिमा परिवर्तन भइरहेको समयमा दीर्घकालीन मार्गचित्रको आवश्यकता महसुस गर्दै बैंक रूपान्तरणको बाटोमा अग्रसर भएको बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले बताए ।

'सेवाग्राही केन्द्रित विश्वस्तरको नेपाली बैंक बन्ने उद्देश्यका साथ हामीले बैंकको उद्देश्य, लक्ष्य र मूल्यमान्यतालाई पुनर्परिभाषित गरेका छौं,' ज्ञवालीले भने । रूपान्तरित मूल्यमान्यतामा सेवाको उत्कृष्टतालाई मानकका रूपमा लिएको बताउँदै उनले भने, 'डिजिटल माध्यमलाई प्राथमिकता दिँदै, मानव स्रोत र नेतृत्व विकासमा निरन्तर लगानी गर्दै जवाफदेहिता र सहकार्यको बलियो संस्कृतिलाई बढावा दिनेछौं ।'

बैंकले आफ्ना मूल्यमान्यतालाई पाँच 'टी' का स्तम्भमार्फत अभिव्यक्त गरेको छ- विश्वास, पारदर्शिता, प्रतिभा, प्रविधि र रूपान्तरण । यी मूल्यमान्यता पञ्चतत्व दर्शनमा आधारित भएको उल्लेख गर्दै बैंकले धरतीले विश्वासलाई, पानीले पारदर्शितालाई, आगोले प्रतिभालाई, वायुले प्रविधिलाई र आकाशले रूपान्तरणलाई प्रतिनिधित्व गरेको बताएको छ । यी तत्व मिलेर बैंकको संस्कृति, निर्णय प्रक्रिया र दीर्घकालीन विकासलाई निर्देशित गर्ने सन्तुलित र एकीकृत संरचना प्रदान गर्ने बैंकले विश्वास लिएको छ ।

नबिल बैंकले देशभर २६८ शाखा सञ्जालसहित ३१८ एटिएम मेसिनबाट सेवा प्रदान गर्दै आएको छ । बैंकले २५ लाखभन्दा बढी ग्राहकलाई बैंकिङ सेवा प्रदान गर्दै आफ्ना सबै सरोकारवालासँग मिलेर सधैं सँगै अघि बढ्ने विश्वास राखेको छ ।

### रोयल इनफिल्डको २०२६ गोवन क्लासिक ३५० नेपालमा सार्वजनिक



**काठमाडौं (प्रस)–** मिड-साइज मोटरसाइकल सेग्मेन्टमा विश्वव्यापी अग्रणी रोयल इनफिल्डले नेपालमा २०२६ एडिसन गोवन क्लासिक ३५० सार्वजनिक गरेको छ। बोबर-इन्स्पायर्ड डिजाइनमा आएको यो मोटरसाइकल स्वतन्त्र र मुक्त जीवनशैलीलाई प्रतिनिधित्व गर्ने शैलीसँगै राइडर-केन्द्रित नयाँ सुविधासहित बजारमा ल्याइएको कम्पनीले जनाएको छ।

नयाँ मोडलमा ३४९ सीसी एयर-आयल कुल्ड सिंगल सिलिण्डर इन्जिन जडान गरिएको छ, जसले ६,१०० चऊ मा २०.२ बीएचपी पावर र ४,००० आरपीएममा २७ एनएम टर्क उत्पादन गर्छ। कम्पनीका अनुसार यो इन्जिनलाई लेड-ब्याक बबर स्टायलअनुरूप स्मूथ र आरामदायी राइडिङ अनुभव दिन विशेष रूपमा ट्युन गरिएको छ। यसको ५-स्पिड गियरबक्सले सहरको भीडभाड देखि खुला राजमार्गसम्म सहज गियर परिवर्तन र आरामदायी यात्राको अनुभव सुनिश्चित गर्छ । शेक ब्ल्याक एण्ड पर्पल हेजको ५ लाख ९८ हजार र ट्रिप टिल एण्ड रेभ रेडमा ६ लाख २ हजार मूल्य तोकिएको छ ।

### एनसेल प्रयोगकर्तालाई हिमालयन जाभा कफीको प्रत्येक चुस्कीमा छुट




**काठमाडौं (प्रस)–** बिहानीको कफी होस् वा व्यावसायिक बैठक अनि जमघट वा साँझको आराम, अब कफीको प्रत्येक चुस्कीले एनसेल ग्राहकहरूलाई अझ धेरै नजिक ल्याउनेछ । एनसेल र हिमालयन जाभा कफीबिचको सहकार्यमा नयाँ वर्ष २०८३ देखि सुरु भएको विशेष अफरअन्तर्गत एनसेल ग्राहकहरूले देशभरका सबै हिमालयन जाभा कफी आउटलेटमा प्रिमियम कफी, पेय पदार्थ र खानेकुरामा विशेष छुट पाउन सक्ने भएका छन् ।

हालै मात्र एनसेल र हिमालयन जाभा कफीबिच यो साझेदारीका लागि सम्झौता भएको छ । यो साझेदारीले ग्राहकहरूको भेटघाट, बैठक र जमघटलाई थप रमाइलो र अर्थपूर्ण बनाउनेछ । रु ४९९ वा सोभन्दा माथिका योग्य प्याक प्रयोग गर्ने सबै ग्राहकहरूले एक कफ कफी खरिद गर्दा अर्को एक कप निःशुल्क प्राप्त गर्ने छन् । त्यति मात्रै होइन तेस्रो कप कफी खरिदमा उनीहरूले ३० प्रतिशत छुट प्राप्त गर्ने छन् ।

त्यसै गरी २५ वर्ष वा सोभन्दा कम उमेरका युवा तथा एनसेल प्रयोग गर्ने पर्यटकहरूले रु. ९९ वा सोभन्दा माथिको योग्य प्याक प्रयोग गर्दा सबै किसिमका खानेकुरा तथा पेय पदार्थमा २० प्रतिशत छुट पाउनेछन् । यसबाहेक रु. ९९ वा सोभन्दा माथिको प्याक चलाउँदै गरेका वा रेन्टल प्लानमा सक्रिय रहेका सबै एनसेल प्रयोगकर्ताले हिमालयन जाभाका खानेकुरा तथा पेय पदार्थहरूमा १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन् ।

यो योजनाको लाभ लिन ग्राहकले अर्डर दिने बेला एनसेल एपको 'लाइभ' स्क्रिन हिमालयन जाभाका कर्मचारीहरूलाई देखाउन पर्छ, स्क्रीनसट मान्य हुँदैन । प्याक सक्रिय रहेको अवधिभर यो अफरको फाइदा पटक-पटक लिन सकिन्छ ।

यो सहकार्यले ग्राहकहरूलाई आफूले चलाउँदै आएको प्लानमा कुनै परिवर्तन नगरी थप सुविधा उपलब्ध गराएको छ । योजनाको बारेमा थप विवरण र तथा लागु हुने सर्तहरू एनसेलको वेबसाइट वा एनसेल एपबाट प्राप्त गर्न सकिन्छ ।

## दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३३ दशमलव २७ अंकले बढेर दुई हजार ८६६ दशमलव ८७ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव १७ प्रतिशतको वृद्धि हो । बुधबार ३४४ कम्पनीको दुई करोड ६४ लाख ३८ हजार ५२१ कित्ता शेयर एक लाख २३ हजार ३५९ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ५३ करोड ७० लाख आठ हजार ७९६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ । बैंकिङ एक दशमलव ३०, विकास बैंक एक दशमलव ५३, वित्त एक दशमलव २१, होटल तथा पर्यटन तीन दशमलव १६, जलविद्युत् दुई दशमलव १४ र लगानी समूह शून्य दशमलव ८९ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बीमा शून्य दशमलव ४६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ११, लघुवित्त शून्य दशमलव ६४, म्युचुअल फन्ड शून्य दशमलव ५६, निर्जीवन बीमा शून्य दशमलव ३९ र अन्य समूह शून्य दशमलव १० प्रतिशतले बढेको छ । ६ कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको नेप्सेले जनाएको छ ।

## जुम्लाका नौ हजार घरधुरीमा विद्युत्को पहुँच

**जुम्ला (प्रस)–** जुम्लाको एक नगरपालिकासहित सातवटा गाउँपालिका गरी आठवटा स्थानीय तहका करिब नौ हजार घरधुरीमा विद्युत्को पहुँच पुगेको छ । जिल्लाको पातारासी गाउँपालिकाबाहेक यहाँका अन्य पालिकाका ९ हजार घरधुरीमा राष्ट्रिय प्रसारण लाइनको विद्युतीकरण पुगेको नेपाल विद्युत् प्राधिकरण जुम्ला वितरण केन्द्रका प्रमुख ललित मण्डलले जानकारी दिए ।

पातारासी गाउँपालिकाको-१ गडीगाउँमा रहेको चुकेनी जलविद्युत् आयोजनाको ९९८ किलोवाट विद्युत्बाट चन्दननाथ नगरपालिका, गुठीचौर र तातोपानी गाउँपालिकाका-४ बाहेक अन्य वडाका घरधुरीमा विद्युत् सेवाको पहुँच पुगेको छ । तिला, हिमा, सिंजा र कनकासुन्दरी गाउँपालिकामा विद्युत्को केन्द्रीय लाइन विस्तार भएको छ । जिल्लाका ग्रामीण गाउँवस्तीका घरधुरीमा विद्युत् सेवाको पहुँच पुर्‍याउनका लागि काम भइरहेको विद्युत् प्राधिकरण जुम्ला वितरण केन्द्रका प्रमुख मण्डलको भनाइ छ ।

जिल्लाको तिला गाउँपालिका-८ र ९ मा केन्द्रीय लाइनको विद्युत् विस्तार भइरहेको छ । बाँकी सबै वडाका घरधुरीमा विद्युत्को पहुँच पुगेको छ । त्यस्तै कनकासुन्दरी गाउँपालिका-१ र २ विद्युत्को लाइन विस्तार गर्नेका लागि अहिले काम भइरहेको विद्युत् वितरण केन्द्रका प्रमुख मण्डलले बताए ।

भौगोलिक रूपमा विकट मानिने पातारासी गाउँपालिका सबैवडामा लघुजलविद्युत्को घरघरमा बत्ती बलेका छन् । ती घरमा पनि चाँडै राष्ट्रिय लाइन जडान गरिने तयारी भइरहेको छ । यहाँका केही गाउँबस्तीमा पोल र तारको अभावमा विद्युत् विस्तारमा ढिलाइ भएको छ । बाँकी रहेका घरधुरीमा पनि विद्युत् विस्तार गरिने विद्युत् वितरण केन्द्र जुम्लाका प्रमुख मण्डलले जानकारी दिए । विद्युत् विस्तारसँगै वर्षौंदेखि टुकी र सोलारमा निर्भर रहँदै आएका यहाँका स्थानीयले सहजता अनुभव गरेका छन् ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ